वर्ष : १५, अंक : ३९, काठमाडौं, २०७६ माघ १० गते शुक्रबार, 24 January 2020, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com

## उखु किसान पुनः आन्दोलित



सर्लाही । सर्लाहीका उखु किसानले सरकारबाट पुनः धोका पाएको भन्दै कडा आन्दोलन गर्ने चेतावनी दिएको छ । गत महिना सरकारसँग भएको सम्झौता पालना नहुँदा उखु किसान अब चरणबद्ध आन्दोलनको तयारी गरिरहेको उखु किसान आन्दोलनका अगुवा तथा राजपा नेपालका सहमहामन्त्री राकेश मिश्रले बताएका छन् । उनले सरकारले सम्झौता गरेको समय अवधिमा पनि भुक्तानी नपाए अब पुनः आन्दोलनबाहेक अन्य विकल्प नरहेको बताए । उखु किसान संघर्ष समितिले मलंगवामा पत्रकार सम्मेलन गरी यस्तो चेतावनी दिएको हो । सरकारले माघ महिनाको ७ गतेसम्म उखु किसानका सम्पूर्ण बक्यौता भुक्तानी गर्ने लिखित सम्झौता गरेको थियो । सरकारले नै दिनुपर्ने अनुदान पनि दिन सकेको छैन । पत्रकार सम्मेलनमा गरी दुई दिनमा सरकारले किसानको खातामा पैसा जम्मा नगरे विभिन्न चरणका आन्दोलन गर्ने चेतावनीसमेत दिएको छ । सरकारले किसानको माग तत्काल सम्बोधन गरेर भुक्तानी नगरे कडा आन्दोलनमा उत्रिने समितिका संरक्षक राकेश मिश्रले बताए । माघ ९ भित्र सहमतिअनुसार माग पूरा नभए १० गते कृषकले कालोपट्टी बाँधेर खेतमा काम गर्ने, ११ देखि १७ गतेसम्म गाउँ-गाउँमा किसान जनजागरण अभियान गर्ने र १८ गते गोडैता नगरपालिकामा भुक्तानी नपाएका किसानहरूको बृहत भेला गरेर काठमाडौं केन्द्रीत आन्दोलन गर्ने संघर्ष समितिले जनाएको छ ।

## स्वदेश फर्के उमेश



काठमाडौं । पाकिस्तानी नागरिकको हत्या आरोपमा साउदीमा मृत्युदण्डको सजाय सुनाइएका उमेश यादवले अन्ततः पुनर्जीवन पाएका छन् ।१४ वर्षपछि उमेश यादव स्वदेश फर्केका छन् । उमेशको मृत्युदण्डको मितिसमेत तोकिइसकेको थियो । तर, सामाजिक अभियन्ता सरोज रायका कारण उमेशले पुनर्जीवन पाएका हुन् । मृत्युदण्डको बदला साउदी सरकारले ब्लडमनी र मृतक परिवारबाट माफिनामा लिएर उनको मृत्युदण्ड माफ हुनसक्ने साउदीको अदालतले भनेको थियो । त्यसका लागि सामाजिक अभियन्ता रायले दिनरात एक गरेर ब्लडमनी र माफीनामा ल्याउन सफल भए । सामाजिक अभियन्ता रायले ब्लडमनीका लागि विश्वभर छरिएर रहेका नेपालीहरूलाई गुहार लगाएका थिए । उनले ब्लडमनी संकलन गर्न पनि सफल भए र साथसाथै मृतक पाकिस्तानी नागरिकको परिवारजनबाट पनि माफीनामा ल्याए । धनुषाका उमेश यादव १४ वर्षअघि वैदेशिक रोजगारीका लागि साउदी गएका थिए । त्यहाँसँगै काम गर्ने एक पाकिस्तानी नागरिकको हत्या गरेको आरोप उनीमाथि लागेको छ ।

# मधेशका नायकहरूको अवमूल्यन र शहीदको अपमान

## ११७ जनाको सहादत, ३८१ गैरन्यायिक हत्या, ३२ सहमति र ७१ मन्त्रालय



स्व.रघुनाथ ठाकुर मधेशी — स्व.गजेन्द्रनारायण सिंह — स्व.रामचन्द्र मिश्र — स्व.श्यामलाल मिश्र — स्व.रामराजा प्रसाद सिंह

मधेशवाणी डेस्क

काठमाडौं । मधेशको हक र अधिकारलाई स्थापित गर्ने अभियान नयाँ होइन । मधेशी समुदायले मुक्तिका लागि गरेको आन्दोलनको इतिहास इ.सं. १९४३ बाट नै सुरू हुन्छ । त्यतिबेला सप्तरी जिल्लाको कोइलाडी र बनरझुलाका बासिन्दाले अङ्ग्रेजहरू विरूद्ध भारतीयहरूले चलाएको 'भारत छोडो' आन्दोलनका कारण नेपालमा आश्रय लिन आएका डा. जयप्रकाशनारायण लगायतका नेताहरूलाई नेपालको तत्कालीन राणा सरकारका स्थानीय बडाहाकिमले गिरफ्तार गरी सप्तरीको हनुमाननगरमा थुनेका थिए । यहींबाट नेपालमा राणा शासन विरूद्ध नेपालका मधेशी जनताले सुरू गरेको प्रतिकारको आन्दोलन सुरू हुन्छ ।

नेपालका सत्ता शासकहरूले मधेशलाई लामो समयसम्म अर्धउपनिवेशको रूपमा राखिएकाले नै मधेशीहरू अधिकारका लागि विरोध गरेका थिए । विभिन्न समयमा विद्रोहमा दुर्गानन्द झा, रघुनाथ ठाकुर जस्ता धेरै जना शहिद पनि भए । त्यस पछि सन् १९५० को दशकको शुरूमै पहिले तराई कांग्रेसले नेपालको राष्ट्रिय संरचनामा मधेशलाई क्षेत्रीय स्वायत्तता दिनु पर्ने माग उठाएको थियो ।

सन् १९७० को दशकको शुरूमा तात्कालीन सरकारले भुतपुर्व सैनिक र अरू पहाडियाहरूलाई मधेशमा बसोबास गराउनुको मुख्य उद्देश्य मधेशीहरूको जनसंख्या घटाएर मधेशीहरूलाई मधेशमा अल्पसंख्यामा पुऱ्याउनु नै थियो ।

सन् १९६५ मा तत्कालीन राजा महेन्द्रको सवारी अछाम हुँदा भएको हुकुम वक्समा मधेशको उर्वरा वन जंगल भूमीमा सत्तालाई सहयोग गर्ने परिवारलाई बसाईसराई गराउने भन्ने निर्देशन भएबाट पश्चिम तराईका जिल्लाहरूमा वन फडानी गरि पहाडीहरूलाई बसाए तर थारू कमैयाहरूले जग्गा पाएन ।

यी र यस्तका कारणहरूले तात्कालीन राज्यको गलत नीति र व्यहारलाई विरोध मधेशीहरूले पनि गरेका थिए । इतिहास केलाउँदै जाने हो भने यसअघि पनि मधेशीहरूले राणा शासनकालमा राजनीतिक आन्दोलनमा भाग लिएका थिए । राजा राजेन्द्र विक्रम शाह र जङ्गबहादुर राणाबीचको विवादमा पर्सा जिल्लाको अलौ भन्ने स्थानमा स्थानीय मधेशीहरूले राजा राजेन्द्रको पक्षमा नेपाली सेना विरूद्ध लडेको पाइन्छ । कतिपयले उक्त घटना नै मधेशीहरूले गरेको पहिलो मधेश आन्दोलन हो भनेर अर्थ्याउने पनि गरेका छन् ।`पाली कांग्रेसले भैरहवा, वीरगन्ज, विराटनगरमा गरेको राणाविरोधी आन्दोलनमा मधेशीहरूले नेतृत्वदायी भूमिका निर्वाह गरेका थिए ।

वि.सं. १९९२ मा पण्डित रमाकान्त झाको नेतृत्वमा मधेशका २२ जना युवाहरूले आफ्नो रगतबाट हस्ताक्षर गरी निरङ्कुश राणाशासनको अन्त्य गर्न कसम खाएका थिए । २००३ सालमा नेपाली कांग्रेसले जोगबनीमा गरेको प्रतिनिधिहरूको सम्मेलनले आश्वान गरेको देशव्यापी आन्दोलनमा थुप्रै मधेशीहरूले गिरफतारी दिएका थिए । तिनीहरूका जनकपुरका सरयुग चौधरी, आशिस भगत, मिथ्रिलाल गुप्ता, लक्ष्मण साह, भीष्मजङ्ग केशरी, दिगम्बर झा, बच्चा झा, निर्गुण यादव, महेन्द्र नारायण निधि, नकुलबहादुर सिंह, पं. रमाकान्त झा, सुन्दर झा शास्त्री थिए ।

२००८ सालमा सिराहाका वेदानन्द झाले गठन गरेको नेपाल तराई कांग्रेसले पहिलो पटक नेपालमा संस्थागत रूपमा मधेशी मुद्दालाई उठाएको हो । पार्टी स्थापना भएको दुईवर्ष भित्रमा तराई कांग्रेसले ६० हजार सदस्यहरू बनाइसकेको थियो । २००९/२०१० मा वेदानन्द झाले सल्लाहकार सभामा मधेशीहरूको उचित प्रतिनिधित्व हुनुपर्दछ भन्ने माग गरेका थिए ।

विगतको इतिहास हेर्दा नेपालको राजनीतिक यात्रामा मधेश र मधेशीको भूमिकालाई कम आंकलन गर्न मिल्दैन । २००७ साल अघिको राणा शासन र प्रजातान्त्रिक आन्दलोलन, त्यसपछिको निरंकुश राजाको

*बाँकी अन्तिम पृष्ठमा*

## राष्ट्रियसभामा नेकपा-राजपा गठबन्धन विजयी



काठमाडौं । राष्ट्रियसभा निर्वाचनमा प्रदेश २ का नेकपा र राजपा नेपालको गठबन्धन विजयी भएको छ । राष्ट्रियसभाका लागि गठबन्धन बनाएर चुनावी प्रतिस्पर्धामा उत्रिएका नेकपा र राजपाका उम्मेदवार विजयी भएका छन् भने कांग्रेस र समाजवादी पार्टीको गठबन्धनका उम्मेदवार पराजित भएका छन् ।

प्रदेश २ मा दलित सदस्य पदमा नेकपाका राधेश्याम पासवान र अन्यका तर्फबाट राजपाका मृगेन्द्र यादव निर्वाचित भएका छन् । नेकपाका राधेश्याम पासवानले समाजवादीका रामप्रित पासवानलाई पराजित गरेका हुन् । राधेश्यामले ५ हजार २ सय ९२ र रामप्रितले ४ हजार ७ सय ४ मतभार पाएका छन् ।

त्यस्तै राजपाका मृगेन्द्रकुमार सिंह यादवले समाजवादीका अनिरूद्ध सिंहलाई पराजित गरेका हुन् । मृगेन्द्र अनिरूद्रका दाई हुन् । मृगेन्द्रले ५४०० मत ल्याए भने अनिरूद्धले ४५१२ ल्याए । दाजुभाईबीच नै भिडन्त भएपछि यी दुई बीचको प्रतिस्पर्धालाई महत्वका साथ हेरिएको थियो ।

यसैगरी प्रदेश २ बाटै राष्ट्रियसभा सदस्यमा नेकपाकी तुलसा दाहाल निर्वाचित भएकी छन् । महिलातर्फ उम्मेदवार दाहाल ५२०८ मतभारसहित विजयी भएकी हुन् । नेपाली कांग्रेसकी नगिना यादवले ४७४० मतभार पाएकी छन् ।

यस्तै राजपाबाट शेखर सिंह पनि विजयी भएका छन् । उनी ५५०२ मत प्राप्त गरी विजयी भएका हुन् । उनका निकटतम् प्रतिद्वन्द्वी नेपाली कांग्रेसका भोला पजियारले ४५१२ मत ल्याए ।





समय सन्दर्भ

रामसुकुल मण्डल



## व्यापार सहजीकरणमा नयाँ आयाम

**आईसिपीले नेपाल र भारतबीचको व्यापार सहजीकरणमा सहयोग मात्र पुऱ्याउँदैन यसबाट नेपालले भारत र तेस्रो देशसँग गर्ने व्यापारमा पनि सहजीकरण गरेको छ ।**

प्रधानमन्त्री केपी शर्मा ओली र उनका भारतीय समकक्षी नरेन्द्र मोदीले विराटनगरस्थित एकीकृत भन्सार जाँच चौकी(आईसीपी)को भिडियो कन्फरेन्समार्फत संयुक्त रूपमा शुभराम्भ गरेका छन् ।

विराटनगर भन्सार कार्यालयदेखि पूर्व भारत सिमानासँग जोडिएको बुधनगरमा सो चौकी १ सय २९ बिघा क्षेत्रमा तयार गरिएको छ । भारतीय सहयोगमा निर्मित आईसीपी सन् २०१६ को डिसेम्बरबाट निर्माण सुरू भएको थियो । कुल दुई अर्ब २४ करोड रूपैयाँमा निर्मित आईसीपीले नेपालको वैदेशिक व्यापार सहजीकरण र व्यवस्थित गर्ने अपेक्षा गरिएको छ ।

विराटनगर भन्सार कार्यालयबाट हुने सबै काम एकीकृत जाँचचौकीबाट सुरू भएपछि विराटनगर रानीसँग जोडिएर रहेको जोगबनी बजार पनि सहज हुने र सवारीको चाप स्वतः घट्ने छ । आईसीपीले व्यापार सहजीकरणमार्फत पूर्वी नेपालमा औद्योगिकरणमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने आशा पलाएको छ । आईसीपीमा भन्सार, क्वारेन्टाइन, अद्यागमन, बैंकलगायत सीमामा वस्तुको व्यापार तथा पर्यटकको आवतजावतका लागि आवश्यक सबै संरचना एकै ठाउँमा हुन्छन् । जसले भन्सार जाँचपासमा सरलीकरण हुन्छ ।

विराटनगर आईसीपी मुलुककै दोस्रो आईसिपी हो । यसअघि, भारतीय सहयोगमा वीरगन्ज, विराटनगर, भैरहवा र नेपालगन्जमा आईसीपी निर्माणका लागि नेपाल र भारतबीचको समझदारीअनुसार भारतले आईसीपी निर्माण गरी हस्तान्तरण गरिरहेको छ ।

सन् २०१८ अप्रिलमा भारतले वीरगञ्जको आईसीपी निर्माण गरी हस्तान्तरण गरेको थियो । नेपालको ४४ प्रतिशत व्यापार हुने वीरगञ्ज नाकामा आईसीपी सञ्चालनमा आएसँगै विश्व बैंकले व्यवसायमैत्री वातावरण मापन गर्ने सूचकांक 'डुइङ बिजनेस, २०२०' को वरियतामा नेपालको स्थानमा सुधार आएको छ ।

विश्व बैंकको डुइङ बिजनेस रिपोर्ट २०२० अनुसार वीरगञ्ज आईसीपी सञ्चालनमा आएसँगै नेपालले व्यापारको लागत घटाउन सफल भएको छ । प्रतिवेदनअनुसार यसअघि आयातमा भन्सार जाँचपासमा ५८ घण्टासम्म लाग्ने काम अहिले ११ घण्टामा हुन्छ । त्यस्तै निर्यातमा पनि यसअघि ३० घण्टा लाग्ने गरेकोमा ११ घण्टामा जाँचपास हुन्छ । यसले औद्योगिक कच्चा पदार्थको आपूर्तिमा सहजता भई औद्योगिक उत्पादनको लागतसमेत घटेकोछ ।

यद्यपी विराटगरमा निर्मित आईसीपी पूर्णरूपमा सञ्चालन हुन भने केही दिन लाग्नेछ । किनभने मालवस्तुको जाँचपासका लागि आवश्यक केही पूर्वाधार अझै तयार भइनसकेकाले पूर्ण सञ्चालन हुन सकेको छैन ।

विराटनगर आईसिपी सञ्चालनमा आएसँगै चार दिनसम्म लाग्ने काम अब चार घन्टामै सकिने छ । आईसिपीले नेपाल र भारतबीचको व्यापार सहजीकरणमा सहयोग मात्र पुऱ्याउँदैन यसबाट नेपालले भारत र तेस्रो देशसँग गर्ने व्यापारमा पनि सहजीकरण गरेको छ ।

वस्तुतः नेपालमा निर्मित सबै आईसिपीहरू व्यापारको मल हुन् । जसरी मलमा नुनदेखि सुनसम्म पाइन्छ त्यसैगरी आईसिपीमा सबै सेवा एकै ठाँउमा उपलब्ध हुनेछ । यस्तै आईसिपी सञ्चालनमा आएपछि भन्सार पास हुन तीन-चार दिनलाग्ने अवस्था अन्त्यभई केही घन्टामै काम सम्पन्न हुनेछ । यसका साथै विराटनगर आईसिपीले पूर्वी नेपालको उद्योग वाणिज्य क्षेत्रको विकासमा महत्वपूर्ण भूमिका पनि निर्वाह गर्नेछ ।

पूर्वका उद्योग व्यवसायका क्षेत्रमा महत्वपूर्ण परियोजना मानिएको आईसिपी निर्माणले उद्योगी व्यवसायी उत्साहित छन् । तोकिएकै समयभित्र काम सक्न निर्माण कम्पनी र नेपाल सरकारलाई खबरदारी गर्दै आएका उद्योगी व्यवसायी निर्माण सम्पन्न भएपछि उत्साहित बनेका हुन् । आईसिपी सञ्चालनले आयात निर्यातमा सहजता र लागत न्यूनीकरणसमेत हुनेछ ।

# सम्पादकीय



## फेरि ठगिँदै उखु किसान

आफ्नो श्रमको मूल्य पाउन पुसको सिरेटोमा काठमाडौंकेन्द्रित आन्दोलन गरेका सर्लाहीका उखु किसानहरूले पुस १८ गते सरकारसँग सम्झौता गरेर घर फर्के। सम्झौतामाथि विश्वास गर्दै उनीहरू विभिन्न चरणको आन्दोलन स्थगित पनि गरे। सम्झौताअनुसार सरकारले माघ ७ भित्रमा चिनी मिलहरूबाट उखु किसानहरूको सम्पूर्ण बक्यौता रकम उपलब्ध गराइदिने भनियो। तर सरकारले नै तोकेको म्याद गुज्रिसक्दा पनि उनीहरूले मुक्तातानी पाउन सकेका छैनन्। यद्यपी सरकारले तोकेको अवधिसम्म जम्मा १६ करोड १४ लाख रूपैयाँ मात्र पाए। किसानले अझै आठ चिनी उद्योगबाट करिब एक अर्बको हाराहारीमा पुरानो रकम लिन बाँकी छ।

किसानले उखु उद्योगबाट २०७० सालदेखिको बक्यौता रकम पाएका छैनन्। रकम प्राप्त गर्न बर्सेनि स्थानीयस्तरमा आन्दोलन गरे पनि सुनुवाइ हुन सकेको छैन। यसले उद्योगीका अगाडि फेरि एकपटक सरकार लाचार बनेको देखिएको छ। राजधानीमा भएको किसान आन्दोलनले चौतर्फी समर्थन पाएपछि यसलाई रोक्न सरकारले माघ ७ भित्र सम्पूर्ण रकम भुक्तानीको व्यवस्था गर्न सहजीकरण गर्ने गरी पाँचबुँदे सहमति गरेको थियो।

सरकारले लिखित रूपमा प्रतिबद्धता जनाएर पुरानो बक्यौता रकम चिनी उद्योगीबाट उपलब्ध गराउन नसक्नु उसको कमजोरी हो। समयमा नदिने र

**उखु किसानले हरेक वर्ष झमेला र दु:ख खेप्दै आएका छन् तर उनीहरूको सहारा राज्य पनि बन्दैन। राज्यले पनि किसानको श्रमको मूल्य बुझ्न सकिरहेको छैन।**

पटक-पटक समय तोकेर पनि भुक्तानी दिन आलटाल गर्ने उद्योगीसँग सरकारले आवश्यक प्रक्रिया नअपनाउँदा उद्योगीहरूले किसानलाई ठग्दै आएका छन्। उनीहरूको ठगिमा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा सरकार पनि परेको छ।

किसानबाट संकलित उखुबाट चिनी मिलले कमाउँदै आएका छन् तर उनीहरूले उखुको मूल्य किसानलाई दिन आलटाल गर्छैन्। चिनी मिलका मालिकहरू गरिब किसानलाई समयमा मूल्य नदिई रकम खेलाउँछन् र आफू धनी बन्छन्। उता उखु किसान दैनिकी जीवनसमेत गुजार्न नसक्ने अवस्थामा पुग्छन्। यो सवाल राज्यले नबुझेको होइन तर राज्य नै किसान मैत्री नभएको हुँदा यस्ता समस्याहरू सिर्जित भइरहेका हुन्छन्।

उखु किसानले हरेक वर्ष झमेला र दु:ख खेप्दै आएका छन् तर उनीहरूको सहारा राज्य पनि बन्दैन। राज्यले पनि किसानको श्रमको मूल्य बुझ्न सकिरहेको छैन। उनीहरू आफ्नो उत्पादन चिनी मिललाई उपलब्ध गराए पनि तत्कालै मूल्य पाउँदैनन्। अर्थात् उनीहरूको कारोबार उधारोमा हुन्छ। त्यो उधारो वर्षौंसम्म उठाउन सक्दैनन्। समयमै मूल्य नपाएपछि किसानहरू आर्थिक रूपले संकटमा पर्छन्। र, राज्य पनि किसानको पक्षमा भन्दा मिल मालिकहरूको पक्षमा उभिदिन्छन्।

एकातिर किसानसँग सहमति गर्ने अर्कोतिर किसानको भावना विपरीत उद्योगीसँग सम्झौता गर्ने यो सरकारको दाहोरो चरित्र हो। उद्योगीले के गरे भन्दा पनि सरकारले जिम्मा लिएको कुरा पूरा नगर्दा सरकारप्रति किसानको विश्वास गुमेको छ। उद्योगीले मात्र नभएर सरकारले उपलब्ध गराउनुपर्ने अनुदान बापतको रकम पनि किसानले पाएका छैनन्। सरकारले कोष तथा लेखा नियन्त्रक कार्यालयमार्फत पुसको दोस्रो हप्ता उपलब्ध गराउनुपर्ने आधाभन्दा बढी रकम पठाइसकेको बताएको थियो तर किसानको खातामा एक पैसा पनि गएको छैन। पुसको जाडोमा काठमाडौं केन्द्रित आन्दोलन गरेर भएको सहमतिलाई सरकारले औचित्यहीन बनाइदिएको छ।

## साताको सात बात



पञ्चतन्त्रको 'कंकड़ लुब्ध पान्थ कथा' मा शिकार गर्न नसक्ने बुढो बाघले हातमा सुनको बाला लिएर वटुवाको शिकार गरेझैं आफैं खड्गप्रसादको पिंजडामा फसेर छट्पटाइरहेका पुष्पकमलले हामीलाई पनि पिंजडामा आउन आग्रह गरेछन्! आफैं त महादेव उत्तानो टाँग। कसलाई दिने वर? डा.बाबुराम भट्टराई, अध्यक्ष समाजवादी पार्टी



जनताको सरकार जनताभन्दा यति पर किन भाग्छ? कहाँ छ त्यो किसानआयोग? जो किसानको नाममा जागीर खान्छ, कहाँ हराईरहेको छ, अखिलनेपाल किसान महासङ्घ? पुरूषोत्तम पौडेल, पूर्वमन्त्री



अध्यक्षमण्डल नै राजपाको एजेन्डाभन्दा विपरित अगाडि बढ्ने र राजपाको राजनीतिक शक्तिलाई आफ्नो स्वार्थका निम्ति प्रयोग गर्दै आएकाले पार्टीमा विवाद हुँदै आएको छ। वृशेषचन्द्र लाल, नेता, राजपा नेपाल



यो एमसीसी भनेको ख्याल ख्याल होला भन्दै थिएँ म त! क्या पावरफुल पो रहेछ! मानें बाबा मानें! श्रीकृष्ण अनिरूद्ध गौतम, विश्लेषक



अग्नि सापकोटा निर्दोष हुनुहोला, तर सार्वजनिक व्यक्तित्व बोकेका व्यक्तिमाथि जब औंला उठ्छ तब त्यसको निराकरण नभएसम्म उनीहरूले अलि बढी त्याग गर्नैपर्छ। पूर्व माओवादी केन्द्रमा सभामुख चलाउन सक्ने उचाइका कामरेड अरू थिएनन् र? कपिल काफ्ले, सम्पादक, नेपाल समाचारपत्र



मधेश विद्रोहको १३ वर्ष पुग्न लाग्दा यसको प्रभाव ह्रास हुँदै गएको छ। मधेश विद्रोहले खोजेको न्याय, समानता र मुक्तिका मुद्दा कचल्टिएका छन्। चन्द्र किशोर, पत्रकार



पृथ्वीनारायण शाह ठिक कि बेठिक भनेर गरिने बहस चाहिँ पचासको अन्तिम दशकतिर तत्कालीन नेकपा एकता केन्द्र मसालमा रूसी कम्युनिस्ट नेता स्टालिन ७१ प्रतिशत ठिक २९ प्रतिशत गलत भन्ने ढंगले हुने बहस जस्तै हुन्। मात्रिका पौडेल, पत्रकार

# अधिकार आन्दोलनमा मधेशको भूमिका-३

विचार-विश्लेषण भाग-५६



उपेन्द्र झा

*गतांकको बाँकी*

मधेश आन्दोलनको प्रमुख शक्ति रहेकोले राणा विरोधी आन्दोलनमा राजा, नेपाली काँग्रेस, भारतलाई विश्वास गरी मधेशले २००७ सालको आन्दोलनमा बलिदानी सहभागिता देखायो। १०४ वर्षको राणाको शासन सत्ताको अन्त भयो। संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको शासन पद्धतिलाई स्वीकार गरी नवोदित सरकार आउने अवधारणा ल्याएपनि सत्तामाथि आफ्नो वर्चस्व कायम गर्ने राजा र नेपाली काँग्रेसबीच जालझेलको राजनीति शुरू भयो। दिल्ली सम्झौता अनुसार ०१५ सालमा आम चुनाव गराएर ९ महिना प्रजातान्त्रिक सरकार चलाउन दिएर राजाले सत्ता 'कू' गरेर ०१७ साल पुस १ गते आफ्नो प्रत्यक्ष शासन कायम गऱ्यो।

एउटा निरंकूशतालाई परास्त गरेर आएको नेपाली जनता राजाको प्रत्यक्ष शासन (निरंकूशतन्त्र) लाई मन पराएन। पार्टीहरूमा प्रतिबन्ध लागेपछि प्रजातान्त्रिक हक अधिकार कायम गराउन पुन:श्च राजाको विरोधमा संघर्षको जन्म भयो। मधेशमा राजा विरोधी आन्दोलन पुनश्च: संगठित हुन थाल्यो। २०१९ सालमा राजा महेन्द्रको जनकपुर सवारी हुँदा दुर्गानन्द झाले राजा चढेको गाडीमा बम प्रहार गरेर आफ्नो वीरताको परिचय दिएको थियो। यस घटनामा दुर्गानन्द झा, सरोज कोइराला, अरविन्द ठाकुर लगायत दर्जनौं नेपाली काँग्रेसका नेता कार्यकर्ता गिरफ्तार भए। २०२० सालमा दुर्गानन्द झालाई फाँसीको सजाय भयो।

मधेश मुक्तिका लागि एक से एक वीर सपूतहरू सक्रिय भई संगठित आन्दोलन गरिरहेका थियो। कोशी पूर्वमा वीर शहीद रघुनाथ ठाकुर मधेशीको नेतृत्वमा "अहिंसात्मक मधेश मुक्ति आन्दोलन" चलाई रहेका थिए भने सिरहाका कुलानन्द झाको नेतृत्वमा "तराई काँग्रेस" संचालित थिए रामजनम तिवारी जस्ता नेताहरू सामेल थिए। रूपन्देही, कपिलवस्तु, नवलपरासीलाई संगठित गर्न रघुनाथ राय, सत्यदेवमणी त्रिपाठीहरू आदि नेताहरू सक्रियतासाथ मधेश मुक्ति आन्दोलनलाई अगाडी बढाइरहेका थिए।

मधेशका वीर सपूतहरू राज्य षड्यन्त्रको शिकार भई शहादत दिई रहेपनि मुक्ति आन्दोलनको गति रोकिएन। यो बढ्दै गयो र शक्तिशाली बन्दै गयो। राज्यद्वारा गरिँदै आएको दमनले मधेश आन्दोलन उर्जावान तथा संगठित बन्दै गयो।

२०१७ सालमा प्रजातन्त्रको गला निमोठिएर पंचायत व्यवस्थाको नामले राजाले सत्तामा आफ्नो वर्चस्व कायम गरि प्रत्यक्ष शासन गर्न थालेपछि प्रजातान्त्रिक शक्ति क्रुध बनेकोले यस तन्त्र विरोधका कार्यक्रम भूमिगत तवरले भैरहेका थिए। पार्टीहरूमाथि प्रतिबन्ध लागेको कारण नेकपा र नेपाली काँग्रेसका कार्यकर्ताहरू भूमिगत रूपबाट विरोध कार्यक्रममा सक्रिय थिए। विरोधी तथा आन्दोलनकारीमाथि निगरानी राख्न सरकारले गुप्तचर निकायलाई सक्रिय बनाएको थियो नै, स्थानीय स्तरमा पनि वेतन दिएर गाउँ गाउँमा सीआईडी नियुक्त गरेर सीडीओ अञ्चलाधीशहरू पूर्ण सतर्कता बढाएका थिए।

मधेश आन्दोलनको केन्द्र रहेको तथा मधेशीलाई भारतीय बुझ्ने सरकारको बद्नियतका कारण पहाडभन्दा मधेशमा सरकारले बढी निगरानी बढाएको थियो। खुला सीमाले कार्यकर्तालाई सहुलियत अनुसार दुबैतिरको संयन्त्र भन्दा स्थानीय स्तरमा राखेका सुराकीहरूलाई बढी महत्व दिएको थियो। सुराकीको भरमा विरोधीलाई समात्ने, गोली ठोक्ने, मुद्दा चलाएर जेल हाल्ने काम सहज बनेको थियो। गाउँकै मानिसको विश्वासघातका कारण शहीद बन्ने सूची लामो हुँदै गयो। तर विरोधको क्रम भने रोकिएन।

राणाकालीन शासन पद्धति मुख्य कानूनको भरमा चलेकोले निरंकूशताको प्रत्यक्ष स्वरूप देखिन्थ्यो। राजाको प्रत्यक्ष शासनमा निरंकूशता संवैधानिक स्वरूप धारण गरेको थियो जो धेरै खतरनाक थियो। स्थानीय स्तरमा पारस्परिक रीस साध्न सुराकीहरू अनेकौं निर्दोषहरूलाई मार्न लगाएका थिए। त्यसकारण राजतन्त्र नेपाली जनतामाझ अलोकप्रिय बन्दै गएको थियो। मधेशको औपनिवेशिक दोहन, शोषणमा कुनै प्रकारको कमी नदेखिएकाले पनि मधेश राजतन्त्रको विरोधमा आफ्नो रीस पोखी रहेको थियो।

मधेशका वीर सपूतहरू शहादत दिँदै एक पछि अर्को मधेश मुक्ति आन्दोलनका झण्डा थामी रहेका थिए। निरंकूश पंचायती सरकारको दमन रोकिएको थिएन। स्वतन्त्रताको उन्मादमा युवाहरू ज्यान हातमा लिएर विरोधका कार्यक्रम अगाडी बढाई रहेका थिए। यही आन्दोलनको क्रममा १०२९ अश्विन १ गते कुशेश्वर यादव, सोही दिन कामेश्वर मण्डल, २०३० कार्तिक २ गते सरोज कोईराला, २०३६ ज्यष्ठ ५ गते मिथिलेश दुबे शहीद भए।

निरंकूश पंचायती सरकारको निर्ममतापूर्वक दमन गर्ने शैलीले आनदोलनको विस्फोटक रूप पनि सतहमा आयो। नेपालका गणतन्त्रवादी नेता रामराजा प्रसाद सिंह (सप्तरी) ले "जनवादी मोर्चा" को माध्यमबाट सशस्त्र आन्दोलनको तयारी गरिरहेका थिए। भारत भूमिमा कार्यकर्तालाई शसस्त्र तालिम दिएर २०४२ सालमा नारायणहिटी दरवारको मूलगेटमा, अन्नपूर्ण होटलमा बम हानेर निरंकूश सरकारको प्रत्यक्ष विरोध गरेका थिए। जनवादी मोर्चाको कार्यकर्ता भनेर श्रीधर ठाकुर (२०४२), शाकेतचन्द्र मिश्र ( सप्तरी २०४२), दिलिप चौधरी (सप्तरी २०४२), डा. लक्ष्मी नारायण झा ( जनकपुर २०४२) लाई मृत्युदण्ड दिइयो।

बमकाण्डमा मधेशमा व्यापक गिरफ्तारी भयो। यो पंक्तिकार पनि समातिए। पूर्वको गिरफ्तारी तथा जेलको रेकर्डले जनवादी मोर्चाको कार्यकर्ता ठहर नभएकोले छाडियो। यसमा धेरै अज्ञातहरू मारिए।

नेपाली काँग्रेसले २०४२ सालमा अहिंसात्मक सत्याग्रह आन्दोलन चलाइरहेका थिए। नेपाली काँग्रेस र नेपाल कम्युनिष्ट पार्टी दुबै विपरीत विचारधारा मान्ने शक्ति भएकाले एक अर्कामाथि घटनाको दोषारोपण गर्दै अगाडि बढिरहेका थिए। नेपाली काँग्रेसको सत्याग्रह आन्दोलन अगाडि बढाउने प्रस्ताव नेपाली काँग्रेस समक्ष राख्दा उनीहरू यो प्रस्तावको विरोधमा मत जाहेर गरे। परिणामत: नेकपा आफ्नै किसिमले धर्ना र गिरफ्तारी दिएर सत्याग्रह आन्दोलनलाई प्रभावकारी बनाउने प्रयासमा आन्दोलन उत्कर्षमा पुगेको थियो। नेपालको जेलहरू भरेर, खाद्य संस्थान, कृषि सामग्री संस्थान तथा अन्य गोदाममा आन्दोलनकारीहरू राख्दा अब राख्ने ठाउँ नभएर सरकार आत्तिएको थियो। व्यापारीहरूको गोदामको सहारा लिए पनि राख्ने ठाउँ नभएर सरकार पराजित अवस्थामा पुगे। क्रमश:...

**मधेशका वीर सपूतहरू राज्य षड्यन्त्रको शिकार भई शहादत दिइरहे पनि मुक्ति आन्दोलनको गति रोकिएन। यो बढ्दै गयो र शक्तिशाली बन्दै गयो। राज्यद्वारा गरिँदै आएको दमनले मधेश आन्दोलन ऊर्जावान तथा संगठित बन्दै गयो।**

*janukjha24@gmail.com*

# शहरिया गरिबी !



सोनी खातुन

वास्तवमा हामी गरिब भनेर केलाई बुझ्छौं? हामीले सोच्ने भनेको भोको पेट र शरीर नाङ्गो हुने मान्छे मात्र गरीब हुन। के तिनीहरू मात्र गरिब हुन र? मेरो विचारमा गरीवि विभिन्न प्रकारको हुन्छ, 'कोही भोको, नाङ्गो र स्वास्थ्य राम्रो छैन भने पनि त्यो गरिबि हो।' मेरो सोचमा पैसा धेरै हुने पनि गरिब हुन् किनभने पैसा धेरै हुनाले उनीहरू पैसाको घमण्ड गर्छन्। सहरी गरिबि पनि गरिबहरूमध्ये एक हुन्। के हामीलाई थाहा छ सहरी गरिबि भनेको के हो?

गरिब यो शब्द सुन्ने बित्तिकै हाम्रो दिमागमा के सोच आउने गर्छ? गरिबलाई हामी अङ्गमा कपडा र बस्नलाई छत नभएकाहरू भनेर सोच्छौं, तर वास्तवमा गरिब उनीहरू मात्र हुन्नन्। जीवनमा केही कुराको अभाव भएकाहरू पनि गरिब भन्दा कम हुँदैनन्। गरिबि भित्र पनि भिन्न भिन्न किसिमका हुन्छन् जसमा एक हो सहरी गरिबि।

हामी सबैको सोच के हुन्छ भने सहरमा बस्ने सबै धनी हुन् किनभने उनीहरूले सजिलै आफूलाई आवश्यकता परेको सामानहरू लिन सक्छन्, तर कसलाई थाहा छ र सहरमा बस्ने मानिसहरू पनि गरिब हुन्छन् भन्ने। फरक यति मात्र हो भोको, नाङ्गो र सडकमा बसेर जीवन गुजारा गर्ने मानिसलाई मात्र हामी गरिब भन्छौं, तर के सहरमा बसेर पढ्नका निम्ति भौतारिनेलाई हामी केबल परिश्रम गरेको भन्छौं।

मेरो विचारमा भोको पेट बस्ने मानिसमात्र गरिब हौइनन्, सहरमा बसेर आफ्नो इच्छा पूरा गर्न नसक्ने मानिसहरू पनि गरिबिमा पर्छन्। सामान्य रूपमा हामी सहरिया गरिब भनेर के बुझ्छौं भने सहरमा बसेर सहज रूपमा सबै उपलब्ध भएता पनि त्यही उपलब्ध भएका सामानहरू प्रयोग गर्न दिनरात परिश्रम गर्ने तापनि सबै उपलब्धिहरू हासिल गर्न नसक्ने, राम्रो खान पुगे पनि राम्रो लगाउन नसक्ने अनि बाहिरी रूपले सुखी देखिएपनि भित्रबाट आफ्नो दु:ख पोख्न नसकेर भित्रभित्रै टुट्दै गएका मानिसहरू हुन्।

**सहर भन्ने बित्तिकै हामी यही सोच्छौं कि त्यहाँको जीवन खुसी हुने गर्छ तर वास्तवमा सहरमा बसेका मान्छे एक पछि अर्को गर्दै आफ्नै दु:खको कहानी लुकाएर बसेका हुन्छन्।**

सामान्य मानिस जसले खान र लाउन पाको हुन्नन्, उनीहरूलाई भोको, नाङ्गो देखेर केही सहयोग गर्न खाज्छौं तर, भाको बसेर राम्रो लुगा लगाउने मानिस देखेमा हाम्रो सोच के हुन्छ भने, "राम्रो लगाएको छ, खाना पनि मीठै खाको होला तर वास्तवमा त्यस्ता व्यक्तिहरू बाहिरी देखावटी रूपमा मात्र धनी हुन्छन्। यस्तो व्यक्तिहरूको भित्रि पीडा सामान्य मानिसले नभएर उसको नजिकको मानिसले मात्र बुझेको हुन्छ। बाहिरी रूपमा खुसी देखिने तर भित्र भित्र तनावले ग्रसित भएको मनिसहरूलाई सहरी गरिब भन्न सकिन्छ।

सहरी गरिब सुन्दा अनौठो लागेतापनि एक्काइसौं शताब्दिमा सबैभन्दा प्रचलित रूपमा देखिन्छ। हरेक मानिसमा केही न केही कुराको अभाव हुन्छ, 'जोसँग जागिर छ उसलाई साधनको अभाव छ, जोसँग साधन छ उसलाई बस्ने घरको अभाव छ र जोसँग पैसा, पावर सब छ उसलाई परिवार र आफ्नै खुसीको अभाव छ।' पैसा र पावर ले भरिपूर्ण भएका मानिसहरू संसारको माझ खुसी भएको नाटक रच्छने गर्छन् तर कसैले बुझ्न सकेको हुन्न उनीहरूको व्यक्तित्व अभाव र गरिबीको बारेमा। अर्को गरिबि ती पनि हुन् जो सहरमा बसेका भएतापनि सहरका उपलब्धिहरूलाई आकाशको फल आँखा तरि मर बनाएर बसेका हुन्छन्।

कोही मानिस आफ्नो इच्छाले गरिब हुँदैनन। सबै मानिस केही न केही बाध्यताले गरिब भएका हुन्छन्। कोही आमाबुवा आफ्नो छोराछोरी पढाउनका लागि गरिब बन्छन्, कोही छोराछोरीको सपना पूरा गर्न गरिब बन्छन् भने कोही छोराछोरी गलत व्यवहारमा परेको कारणले गरिब बन्न पुग्छन्। गरिब बनेर चिनिन कसलाई पो रहर हुन्छ र? सहरी गरिबि यस्तो गरिबि हो जुन मान्छेले देख्दा त्यो मान्छे साह्रै खुशी र र सुखी देख्छन तर वास्तवमा तिनीहरूको पीडा, दु:खमा रून्छन भन्ने नै हुँदैन। तिनीहरू नै सहरी गरिब हुन्। जो बाहिरी रूपमा जे जस्तो देखे पनि भित्र भित्र समस्याहरूसँग भूलिरहेको हुन्छ। केही गरिब ती पनि हुन् जो हातमा मास्टर डिग्रिहरूको प्रमाणपत्र बोकेर रोजगारको अभावमा बसेका हुन्छन्।

सहर भन्ने बित्तिकै हामी यही सोच्छौं कि त्यहाँको जीवन खुसी हुने गर्छ तर वास्तवमा सहरमा बसेका मान्छे एक पछि अर्को गर्दै आफ्नै दु:खको कहानी लुकाएर बसेका हुन्छन्। कोही मान्छे आफ्नो झुटो सुख देखाउन आफ्नो दु:ख गर्छन भने कोही खुसीको एक झलक पाउन। सहर यस्तो ठाउँ हो जहाँ अरूलाई कुल्चेर मात्र माथि उठ्न सकिन्छ। मानवता हराएका ठाउँमा केही सुखी मान्छे रून्छन् भन्ने त केवल झुटो आलसना मात्र हो।

संसारमा जुनसुकै ठाउँमा रहेका मानिसहरू पूर्ण रूपले सुखि हुँदैनन्। उनीहरू सम्पूर्ण कुराले भरिपूर्ण भएपनि केही कुराको अभावको आभास उनीहरूमा हुने गर्छ। संसारको सबैभन्दा धनी मानिसले पनि अझ धन कमाउने सपना देख्छ। उसमा आफ्नो जीवन अझै विकसित गर्ने आफ्नो जीवन सफल पार्ने, सपना सफल पार्ने, समाजमा आफ्नो नाम कमाउने आदि कुराहरू पूरा गर्ने सोच हुन्छ। यो कुरालाई ध्यानमा राख्दा संसारको सबै मानिस गरिब नै हुन्छन् भन्ने अर्थ आउँछ।

हिजो मात्रको कुरा हो सडकमा हिड्दै गर्दा मैले एउटा बुढी आमा आफ्नो छोरा जो चाहीँ अन्धो थियो उसलाई लिएर हरेक पसल छिर्दै धुपबत्ति बेच्दै हिडिरहेकी थिइन। के उनलाई धुपबत्ती बेच्दै हिड्न इच्छा होला र? यो कुराले स्पष्ट हुन्छ कोही पनि इच्छाले गरिब भएको हुँदैन र सहरमा बस्ने मानिसहरू पनि कुनै न कुनै रूपमा गरिब हुन्छन्। यति मात्र फरक हो सहरी गरिबी मान्छेले देख्दैनन्।

# मधेशी दललाई कमजोर बनाउने प्रधानमन्त्रीको रणनीति



डा.अमरेश कुमार सिंह
प्रतिनिधिसभा सदस्य, नेपाली कांग्रेस

मधेशका दलहरू राजपा र समाजवादी दुवैलाई जनस्तरमा कमजोर बनाउने प्रधानमन्त्रीको सिधा रणनीति हो। समाजवादी पार्टी झण्डै-झण्डै फुटको संघारमा थियो तर, सरकारबाट बाहिरिए पछि जोगिन सफल भयो। दुवै दलमा अहिले पनि विवाद देखिन्छ र त्यो विवाद सत्ताधारी पार्टीबाट नै सिर्जना गराइँदैछ।

**० सभामुखमा नेपाली कांग्रेसले उम्मेद्वारी किन नदिएको हो ?**

– सभामुखका लागि कांग्रेसको उम्मेद्वारी नपर्नु दुःखद कुरा हो। पार्टी नेतृत्वले सत्तारूढ दल नेकपासँग कुरा गरेको थियो, जसमा उपसभामुख कांग्रेसलाई दिने सहमति भएको हो। त्यो आधारमा सभामुखका लागि कांग्रेसले उम्मेद्वारी दिएन। संविधानमा व्यवस्था भएअनुसार सभामुख र उपसभामुख फरक दल र फरक लिंगका हुनुपर्नेछ। कांग्रेस दोस्रो ठूलो र प्रमुख प्रतिपक्षी पार्टी हो। सशक्त र बलियो लोकतन्त्र बनाउनका लागि कांग्रेसलाई उपसभामुखको भूमिका दिन आवश्यक देखिन्छ। त्यो हिसावले नेकपासँग कांग्रेसको अनौपचारिक सहमति भएको छ। अब नेकपाले त्यो सहमति कति पालना गर्छ, हेर्न बाँकी छ।

**० तर, उपसभामुख राजपालाई दिने भन्ने चर्चा पनि छ नि ?**

– नेकपामा दुईटा धार देखिन्छ, एउटा प्रधानमन्त्रीजीको धार र अर्को प्रचण्डजीको। प्रधानमन्त्रीजीको धार कांग्रेसलाई त्यतिकै ललिपप देखाएर अड्काउने र राजपालाई सरकारमा ल्याउने रणनीति रहेको देखिन्छ। तर, प्रचण्डले शान्ति प्रक्रिया बाँकी छ, संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत र बलियो बनाउनुपर्ने भएकाले काँग्रेससँग नजिक रहन चाहनुभएको छ। त्यसैले, प्रचण्डले कांग्रेसलाई उपसभामुख दिन चाहनुभएको छ। तर, प्रधानमन्त्रीले राजपालाई सरकारमा ल्याएर समाप्त पार्ने योजना देखिएको छ। यदि त्यसो भयो भने राजपा फुट्छ।

**० भनेपछि राजपालाई सरकारमा ल्याएर विभाजन गराउने रणनीति हो ?**

–मधेशका दलहरू राजपा र समाजवादी दुवैलाई जनस्तरमा कमजोर बनाउने प्रधानमन्त्रीको सिधा रणनीति हो। समाजवादी पार्टी झण्डै-झण्डै फुटको संघारमा थियो तर, सरकारबाट बाहिरिए पछि जोगिन सफल भयो। दुवै दलमा अहिले पनि विवाद देखिन्छ र त्यो विवाद सत्ताधारी पार्टीबाट नै सिर्जना गराइँदैछ। किनभने मधेश जहिले पनि सत्ताविरोधी शक्ति हो। लोकतन्त्र विरोधीलाई खबरदार गर्नका लागि एउटा शक्ति चाहिन्छ। मधेशका जनता जहिले पनि राज्यसत्ताबाट ठगिएको महसुस गर्दै आएका छन्। यस्तो अवस्थामा सत्तामा बस्नेले रणनीतिकरूपमा हेर्छन्। मधेशी दललाई फुटाइदिएपछि मधेशलाई ठूलो धक्का लाग्छ। नेकपालाई लाग्छ कि मधेशका लागि कांग्रेसले आन्दोलन गर्दैन। तर, अब मधेशी, आदिवासी जनजाति लगायतका समुदायका बारे कांग्रेसको प्रष्ट दृष्टिकोण आउनुपर्छ।

**० प्रचण्डले उपसभामुख कांग्रेसलाई दिने सहमति त गर्नुभएको छ तर, अर्को पक्ष मान्छ त ?**

– होइन, अस्तिदेखि सभामुख प्रचण्ड खेमालाई दिइँदैन, प्रधानमन्त्री जे चाहनुहुन्छ त्यही हुन्छ भन्ने पनि चर्चा थियो नि। तर, प्रचण्डजीको खेमाले सभामुख पाएरै छाड्यो। राष्ट्रिय राजनीतिलाई प्रचण्डजी र प्रधानमन्त्रीजीले कसरी अगाडि बढाउनुहुन्छ, त्यो हेर्न बाँकी छ।

**० सरकारले जनअपेक्षाअनुसार काम गर्न नसक्नुको कारण प्रतिपक्षी कमजोर भएकोले हो ?**

– यो आर्थिक वर्षको प्रथम छ मासिक बितिसक्यो तर यो सरकारले १२/१३ प्रतिशत पनि विकास बजेट खर्च गर्न सकेको छैन। यो अत्यन्त दुर्भाग्यपूर्ण हो। साधारण खर्च हुने, विकास खर्च नहुने, यसले कसरी समृद्धि आउँछ। मैले पहिला नै भनेको थिएँ कि माओवादी र एमालेको मिलन भनेको पानी र तेलको मिलन हो। पानी र तेल जसरी मिसिँदैन त्यसरी नै एमाले र माओवादी मिसिँदैन, ढिलो-चाँडो अलग नै हुन्छ। सत्तास्वार्थको जुन समीकरण बन्छ, त्यसले राष्ट्र निर्माण हुँदैन।

**० तर, कांग्रेसले पनि सशक्त प्रतिपक्षीको भूमिका निर्वाह गर्न सकिरहेको छैन नि ?**

– संसद चलेपछि कांग्रेसको सशक्त भूमिका देखिन्छ। अब हामी सशक्त प्रतिपक्षीको भूमिकामा अगाडि बढ्छौं।

**० कांग्रेसको आन्तरिक विवाद मिलिसक्यो ?**

– अलिअलि विवाद हुन्छन्, यो कुरा हरेक पार्टीमा हुन्छन्। किनकि राजनीति भनेकै ग्रुप गेम हो। त्यो आन्तरिक प्रतिस्पर्धा हो, यसले खासै फरक पर्दैन।

**० तर, यही आन्तरिक प्रतिस्पर्धाका कारण कांग्रेस दिनप्रति कमजोर हुँदै गइरहेको छ नि ?**

– बाहिर त्यस्तो देखिएको हो तर, कांग्रेस कमजोर भइरहेको छैन। आगामी दिनमा कांग्रेस झन् बलियो हुँदै जानेछ। जनताको चाहनाविपरीत हाम्रा नेताहरू जान सक्दैन।

**० कांग्रेसका वर्तमान नेतृत्वप्रति विभिन्न असन्तुष्टिहरू देखिएको छ नि ?**

– ७५ कटेकालाई नेतृत्व दिनु हुँदैन, अभिभावकको भूमिकामा राख्नुपर्छ। अब नयाँ नेतृत्व आउनुपर्छ। जसको सैद्धान्तिक आधार बलियो हुन्छ, जसमा जोश र जागरका साथ काम गर्ने भावना हुन्छ त्यस्तालाई अब कांग्रेसको नेतृत्व दिनुपर्छ। किनभने त्यो नेतृत्वले नै आगामी दिनमा नेतृत्वदायी भूमिकामा आउँछन्। अहिलेका नेतृत्वप्रति मिडियामा धेरै कुराहरू आइसकेका छन्।

**० अहिले एमसीसीका बारेमा विभिन्न टिकाटिप्पणी भइरहेको छ। एमसीसी किन पास हुनुपर्छ ?**

– कुनै पनि विदेशी अनुदान लिनुपर्छ। यो एमसीसी नेपालको हितमा छ। त्यसैले एमसीसी पास हुनुपर्छ।

# विराटनगर आईसीपी नेपाल-भारतको कोशेढुंगा

यो आईसीपी सञ्चालनले गर्दा नेपाल र भारतबीचको सम्बन्धमा एउटा माइलस्टोन साबित हुनेछ। दुवै देशका लागि यो एउटा गौरवको क्षण हो। यसबाट नेपाल र भारतका व्यवसायीले कम लागत, बढी मुनाफा कमाउने हो। लागत बढी लाग्ने भएपछि व्यवसायीहरूलाई धेरै तनाव हुन्थ्यो, त्यो अब कम हुने भएको छ।



सुयेश प्याकुरेल
वरिष्ठ उपाध्यक्ष, नेपाल उद्योग वाणिज्य संघ मोरङ

**० नेपाल र भारतका प्रधानमन्त्रीले संयुक्त रूपमा उद्घाटन गर्नुभएको विराटनगरको एकीकृत जाँच चौकी (आईसीपी)लाई कसरी लिनुभएको छ ?**

– यो नेपालको दोस्रो एकीकृत जाँच चौकी हो। प्रमुख नाकाहरूमा एकीकृत जाँच चौकी भारतको सहयोगमा स्थापना गर्ने नेपाल र भारतबीच सहमति भएको छ। यसैक्रममा वीरगन्जमा पहिला नै सञ्चालनमा आइसकेको छ भने अन्य ठाउँमा सञ्चालनमा आउने क्रममा छ। विराटनगरमा बनेको आईसीपीको औपचारिक सञ्चालन हुन करिब १२ दिन जति लाग्छ। यसबाट विशेषतः पूर्वका व्यवसायी अत्यन्त हर्षित छन्। मालबाहक गाडीहरूलाई कस्टम क्लियर गर्नका लागि कमसेकम सात/आठ दिन लाग्थ्यो। आजको प्रतिस्पर्धी जमानामा त्यत्रो समय लगाएर नाका क्लियर गर्दा लागत एकदमै बढी लाग्छ। यो आईसीपी सञ्चालनमा आइसकेपछि निश्चितरूपमा एउटा पूर्वाधार खडा भएको छ। यो पूर्णरूपमा सञ्चालनमा आइसकेपछि एक वा दुई दिनभन्दा बढी समय लाग्दैन र व्यवसायीहरूको लागत पनि कम लाग्छ।

**० आईसीपी सञ्चालन नहुँदा केकस्ता अप्ठ्याराहरू छन् ?**

– आयात र निर्यात हुने एउटा नाका भएकोले समय बढी लाग्ने गर्छ, जसले गर्दा व्यवसायीको लागत बढी नै लाग्ने गरेको छ। त्यो लागत अर्बौं रूपैयाँमा हुन्छ। त्यसले गर्दा आईसीपी सञ्चालनमा आइसकेपछि हाम्रो धेरै बचत हुनेछ। अब हाम्रो जति पनि बचत हुन्छ, त्यसलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्छौं। यो आईसीपी सञ्चालन एक/दुई वर्ष पहिला नै आइसक्नुपर्ने थियो। अलिकति ढिलो त भयो। भारत सरकारले निर्माण गरिदिएको हो। भारततर्फ पहिला नै निर्माण भइसकेको थियो, नेपालले गर्दा नै ढिलो भएर यो सञ्चालनमा आएको हो। यस्ता राष्ट्रिय महत्वका परियोजनाहरूमा सरकारले अविलम्ब पहल गर्नुपर्ने हुन्छ।

**० यो सञ्चालनमा ल्याउन नेपालको तर्फबाट ढिलाई किन भएको होला ?**

– यो आईसीपी भारत सरकारको पूर्ण अनुदानमा निर्माण भएको हो। तर, यसमा हाम्रो कमजोरी हो। भारत र नेपालमा निर्माण कार्यको प्रारम्भ एकै समयमा भएको थियो तर, नेपालमा जग्गा अधिग्रहण र मुआब्जामा अलिकति समस्या भएको थियो। यसमा सरोकारवाला निकायले समयमै पहल नगरेकोले पनि अलि ढिलो भएको हो। त्यसको मूल्य हामी व्यवसायीले चुकाउनुपर्‍यो। भनिन्छ, 'देर आया दुरूस्त आया' त्यसैले ठिकै छ। अब यसलाई व्यवसायी र राष्ट्रको हितमा उपयोग गर्नुपर्छ।

**० यो आईसीपीले नेपाल-भारत व्यवसायमा कतिको फाइदा हुन्छ ?**

– यो आईसीपी सञ्चालनले गर्दा नेपाल र भारतबीचको सम्बन्धमा एउटा माइलस्टोन साबित हुनेछ। दुवै देशका लागि यो एउटा गौरवको क्षण हो। यसबाट नेपाल र भारतका व्यवसायीले कम लागत, बढी मुनाफा कमाउने हो। लागत बढी लाग्ने भएपछि व्यवसायीहरूलाई धेरै तनाव हुन्थ्यो, त्यो अब कम हुने भएको छ र ढुक्कसँग आफ्नो आयात-निर्यात कम लागत गर्न सक्छन्। भारत नेपालको एउटा असल छिमेकी हो र भारतले नेपालमा विकास र समृद्धि चाहन्छ भन्ने हामीले बुझ्नुपर्छ। भारतले यसरी नै नेपाललाई सहयोग गर्दै जाने हो भने हामी पनि सम्पन्नतातर्फ उन्मुख हुन्छौं।

**० आईसीपीका चुनौतीहरू के-के छन् ?**

– यो आईसीपीलाई हामीले चुनौतीको रूपमा लिनै हुँदैन। यसै पनि कुनै परियोजना आउँदा एक मात्र चुनौती हुन्छ कि हामीले यसलाई राम्रोसँग कसरी सञ्चालन गर्ने हो। यस्तो पूर्वाधार निर्माण भइसकेपछि यसलाई अधिकतम् उपयोग गर्नु नै चुनौती छ।

**० यो आईसीपीबाट मालबाहक सवारीसाधन मात्रै आवतजावत गर्छ कि सर्वसाधारण पनि ?**

– यो त कस्टम क्लिरियेन्सका लागि बनाइएको हो। सर्वसाधारणका लागि नर्मल रोड त छँदैछ। मालबाहक सवारीसाधनका लागि छुट्टै मार्ग निर्माण भइसकेपछि सर्वसाधारण हिंड्ने बाटोमा पनि खासै चाप हुँदैन। यसले धेरै सहजता हुन्छ।

**० नेपाल-भारतबीचको व्यापारमा नेपाललाई बढी व्यापार घाटा हुँदै आएको छ, यसले व्यापार घाटा कम गर्न कतिको सहयोग पुग्छ ?**

– पारवहनमा हाम्रो लागत कम लागेपछि अवश्य नै हामीलाई फाइदा हुन्छ। आयात-निर्यातमा कम लागत लाग्ना साथ व्यापार स्वतः घट्दै जान्छ। जसले गर्दा हामी आन्तरिक बजारमै प्रतिस्पर्धा गर्न अझ बढी सक्षम हुन्छौं।

**० नेपालले भारतबाट आयात बढी गर्नुपर्ने अवस्था छ, निर्यात बढाउन के गर्नुपर्ला ?**

– हामीले निर्यात बढाउनका लागि आफ्ना ट्रेड ब्यारियर्सहरू पहिचान गर्नुपर्छ। अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्ने वस्तुहरू यहाँका व्यवसायीहरू उत्पादन गर्न सक्यो भने हामीले पनि निर्यात गर्न सक्छौं। हामीले भारत मात्रै होइन, तेस्रो मुलुकमा पनि आफ्नो उत्पादकत्वहरू निर्यात गर्न सक्छौं।

**० नेपाल र भारतका व्यवसायीहरू बीचको सम्बन्ध कस्तो छ ?**

– नेपाल र भारतका व्यवसायीहरूको सम्बन्ध धेरै राम्रो छ। नेपालको सबैभन्दा ठूलो व्यापार साझेदार भारत नै हो। भारतले नेपाललाई नपत्याएको भए यत्रो ठूलो साझेदार बनाउँदैनथ्यो। त्यसैले, नेपाल र भारतका व्यवसायीबीच एकदम राम्रो सम्बन्ध छ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

## डा.सिंह सुशोभित



काठमाडौं। प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालले नेपाल सरकार, गृह मन्त्रालय मन्त्रिपरिषदको माघ ६ गतेको निर्णय अनुसार प्राविधिक प्रहरी नायव महानिरीक्षकबाट प्राविधिक प्रहरी अतिरिक्त महानिरीक्षकमा पदोन्नती भएका डा.आशा सिंहलाई बुधबार प्रहरी प्रधान कार्यालयमा आयोजित एक समारोहबीच दर्ज्यानी चिन्हद्वारा सुशोभन गरेका छन्। उक्त अवसरमा प्रहरी महानिरीक्षक खनालले पदोन्नती भएका अधिकृतलाई बधाई तथा शुभकामना दिँदै नेपाल प्रहरी अस्पताल सबैको भरोसाको केन्द्र र संगठनकै महत्वपूर्ण विभाग भएकोले अस्पतालको व्यवस्थापन लगायत अस्पतालको स्तरोन्नतीका लागि अग्रसर हुनु पर्ने बताए। नेपाल प्रहरी अस्पतालले प्रदान गर्ने सेवा, व्यवहार, भौतिक संरचना लगायतमा उल्लेख्य सकारात्मक परिवर्तन भएको चर्चा गर्दै प्रहरी महानिरीक्षक खनालले नेपाल सरकार तथा संगठनले लिएको लक्ष्य र प्राथमिकता कार्यान्वयन गर्न प्रहरी कर्मचारीहरूलाई निर्देशन दिए। अस्पताललाई थप सुविधा सम्पन्न बनाउँदै अस्पतालमा कार्यरत कर्मचारीहरूको क्षमता वृद्धिमा समेत संगठन सदैव क्रियाशिल रहेको बताउँदै व्यवसायिकता, कार्यप्रतिको निष्ठा र सामुहिक भावना सहित अघि बढेमा सफलता प्राप्त हुने विश्वास उनले व्यक्त गरे। उक्त अवसरमा पदोन्नती भएकी प्राविधिक प्रहरी अतिरिक्त महानिरीक्षक डा. सिंहले त्रुटीरहित ढंगले सुम्पिएको जिम्मेवारी कुशलतापूर्वक सम्पन्न गर्न आफू तल्लिन हुने प्रतिवद्धता व्यक्त गरिन्। गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह र पेशागत क्षमतालाई अभिवृद्धि गर्न सरोकारवाला निकायहरूसँग समन्वय गर्ने उल्लेख गर्दै उनले नेपाल प्रहरी अस्पताललाई सबैको भरपर्दो साथीको रूपमा विकास गर्ने बताइन्। कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षक, प्रहरी नायव महानिरीक्षकहरू, प्रहरी वरिष्ठ अधिकृतहरू लगायत अन्य प्रहरी अधिकृत तथा जवानहरूको समेत उपस्थिति रहेको थियो।

## भारतीय सेना दिवस मनाइयो




काठमाडौं। भारतीय राजदूतावासले ७२औं भारतीय सेना दिवस मनाएको छ। सेना दिवसको अवसरमा आइतबार राजदूतावासले एक कार्यक्रमको आयोजना गरेको थियो। सो कार्यक्रममा भारतीय सेनाका मानार्थ महारथी तथा सुकीर्तिमय राष्ट्रदीपबाट सम्मानित नेपाली सेनाका प्रधान सेनापति महारथी पूर्णचन्द्र थापा प्रमुख अतिथिका रूपमा उपस्थित थिए। उक्त कार्यक्रममा बोल्दै भारतीय राजदूतावासका कार्यवाहक राजदूत डा. अजय कुमारले भारतीय सेना राष्ट्र निर्माणको सुरक्षा कवचको रूपमा रहेको बताए। दुई देशलाई जोड्ने नेपाली गोर्खा सैनिकको अटुट सम्बन्धको चर्चा गर्दै उनले उनीहरूको निःस्वार्थ सेवाभाव तथा त्यागप्रति कृतज्ञता व्यक्त गरे। उनले अवकाश प्राप्त पेन्सनवाला भारतीय सैनिक र नेपालमा बसोबास गरिरहेका उनीहरूका परिवारको सेवाका साथै उनीहरूको स्वास्थ्य तथा सुविधाको हेरचाह गर्ने प्रतिबद्धता व्यक्त गर्दै राष्ट्र निर्माणमा उनीहरूको अथक प्रयासको प्रशंसा पनि गरे। प्रधान सेनापति पूर्णचन्द्र थापाले दुई देशका सेनाबीच रहेको उत्कृष्ट सम्बन्ध र सहकार्य नेपाल भारतबीच रहेको सुमधुर सम्बन्धको उदाहरणको रूपमा रहेको बताए। कार्यक्रममा नेपाली सेनाका प्रधान सेनापति र भारतीय राजदूतावासका कार्यवाहक राजदूतले भारतीय सेनाका वीरता पुरस्कार विजेता गोर्खा सैनिकहरूलाई सम्मान गरे। सो समारोहमा नेपाली सेनाका अधिकारी, विभिन्न राजदूतावासका सैनिक सहचारी, सरकारी र नागरिक उच्च-पदाधिकारी तथा भारतीय राजदूतावासका अधिकारी उपस्थित थिए।

## प्रदेश २ सरकारले मनायो बलिदानी दिवस



वीरगन्ज। प्रदेश नं. २ को सरकारले बलिदानी दिवसको असवरमा मधेश आन्दोलनमा शहीद भएका परिवारहरूलाई सम्मान कार्यक्रमको आयोजना गरेको छ। वीरगंजको नगरसभा गृह (टाउनहल) मा आइतबार आयोजित मधेश आन्दोलनका क्रममा शहीद भएका घरपरिवारहरूलाई प्रदेश सरकारले सम्मान गरेको हो। शहीद सम्मान कार्यक्रममा प्रदेश सरकारले मधेशी शहीदहरूका परिवारलाई २५ हजार रूपैयाँ दिएको थियो। मधेश आन्दोलनका पहिलो सहिद भनी चिनिएका रमेश महतोका दाजु बालकृष्ण सिंहले आन्दोलनका बेला नेताले मधेशमा मधेशी दलको सरकार बने शहीदका परिवारलाई ५० लाख दिन्छौं भनेर उक्साएका थिए, तर अहिले प्रदेश सरकारले ५० लाखको ठाँउमा २५ हजार मात्रै दिएर टारेको गुनासो पोखे। प्रदेश सरकारले सहिदका परिवारका एक जनालाई रोजगारी दिने घोषणा पनि गरेका थिए। तर यस्तो सुविधा पनि सरकारबाट नपाएको सहिद परिवारले गुनासो गरेका छन्। सो कार्यक्रममा पर्सा क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य प्रदीप यादवले पनि सहिदका परिवारलाई ५० लाखको घोषणा गरेर २५ हजार रूपैयाँ मात्रै दिएर टारिएको भन्दै प्रदेश सरकारको आलोचना गरेका थिए।

# यी हुन् मधेशी योद्धाहरू

बलदेव दास यादव

हामीले जुन तराई कांग्रेसको चर्चा गर्दै आएका छौं, त्यसको महत्वपूर्ण व्यक्ति सिरहाको औरहीका बलदेव दास यादव थिए। राणाहरूको विरूद्धमा जुन भावना थियो, त्यसबाट उनले चाहिरहेका थिए कि यो देशमा विभेद कसरी अन्त्य हुन्छ। वि.सं. २००७ सालको क्रान्तिमा पनि उनी लागेका थिए। त्यसैले उनको मनमा आयो कि समानताका लागि यहाँ एउटा छुट्टै राजनीतिक दलको आवश्यकता छ। नेपाली कांग्रेसभन्दा अलग तराई कांग्रेस बन्नुपर्ने धारणा ल्याए। तराई कांग्रेसको सुरूवात गर्ने व्यक्ति बलदेव दास यादव नै थिए। उनकै कुराबाट अगाडि बढ्दै अन्य व्यक्तित्वहरूसहित कुलानन्द झाको अध्यक्षतामा वि.सं. २००८ सालमा तराई कांग्रेस खोलियो। त्यसैले तराई कांग्रेसका मूल संस्थापक बलदेव दास यादव नै हुन्।

बलराम नायक

धनुषा जिल्लाको सबैला निवासी थिए। वि.सं. १९९० साल कार्तिक १ गते जन्मिएका थिए। उनले विकमसम्मको अध्ययन गरेका थिए। २००७ सालको क्रान्तिमा उनको ठूलो योगदान थियो। वि.सं. २०१५ मा नेपाली कांग्रेसको महोत्तरी जिल्ला सचिव भएका थिए। वि.सं. २०१६ सालमा सरकार बन्दा विकासको गतिलाई अगाडि बढाउन बनाइएको जिल्ला विकास बोर्डको सदस्यको रूपमा पनि काम गरेका थिए। जिल्लामा विकासको वातावरण बनोस् भन्ने हिसावले काम गरे। त्यसै क्रममा हुलाकी सडक निर्माणमा पनि लागेका थिए। जलेश्वरदेखि मलंगवासम्म जोडिने सडक निर्माणमा उनको महत्वपूर्ण भूमिका थियो। नेपाली कांग्रेसको महासमिति सदस्य पनि थिए। वि.सं. २०३६ सालमा पूर्वाञ्चल कांग्रेस गठन हुँदा संयोजक गजेन्द्र नारायण सिंह थिए भने उपसंयोजक नायक भएका थिए। त्यसपछि २०४० सालमा नेपाली सद्भावना परिषद् गठन हुँदा त्यसमा पनि संयोजक सिंह र उपसंयोजक नायक भएका थिए। विभिन्न आन्दोलनका क्रममा उनी पटक-पटक जेलमा बस्नुपरेको थियो। वि.सं. २०४६ सालको परिवर्तनपछि २०४८ सालको चुनावभन्दा पहिला जुन सर्वेक्षण भएको थियो त्यसमा पार्टीको तर्फबाट धनुषा क्षेत्र नं. २ बाट सर्वसहमतिमा पहिलो नम्बरमा नाम दिइएको थियो। तर विभिन्न कारणवश लिला कोइरालालाई टिकट दिइयो। बृहत्तर जनकपुर विकास क्षेत्रको गठनमा उनको भूमिको थियो। उनको जीवनको अन्तिम क्षणमा यहाँका राजनीतिक गतिविधिका कारण उनीमा वितृष्णा देखिएको थियो। उनलाई जुन सम्मान दिनुपर्ने थियो त्यो दिइएन। किनकि २०१७ सालको राजाको कदमको विरूद्धमा २०१८ साल कार्तिक २६ गते सत्याग्रह आन्दोलन गरिएको थियो। महेन्द्रनारायण निधि र बलराम नायक एउटा जुलुस निकालेका थिए। त्यसका लागि उनी जेल जीवन पनि बिताउनुपऱ्यो। उनको निधनपश्चात् पार्टीबाट जुन सम्मान दिनुपर्ने थियो त्यो पनि दिइएन।

सुन्दर झा शास्त्री

वि.सं. २००७ सालको क्रान्तिकारीरूपमा चिरपरिचित नाम हो सुन्दर झा शास्त्री। वि.सं. २००४ सालमा मटिहानीको शास्त्रमा सुन्दर झा पढिरहेका थिए। मधवापुरमा भएको बीपी कोइरालाको सभामा उनी पनि सहभागी भएका थिए। बीपी कोइरालाको सम्बोधनबाट प्रभावित भएका थिए। वि.सं. २००६ साल जेष्ठ १९ गते प्रजातन्त्र स्थापनाका लागि भएको दोस्रो सत्याग्रहको क्रममा नेपाली कांग्रेसको झण्डा लिएर जनकपुरधाममा गिरफ्तार भएका थिए। २००७ साल कार्तिक २६ गते प्रजातन्त्रका लागि जनक्रान्ति आरम्भ भयो। कार्तिक ३० गते छठ पर्वको सन्ध्या अर्घको दिन जलेश्वर कारागार तोडेर ६ जना क्रान्तिकारी भागेका थिए। जसमा सरोज कोइराला, दिगम्बर झा, सुन्दर झा शास्त्र लगायतका थिए। प्रजातन्त्रका लागि उनीहरूले काम गरेका थिए। क्रान्ति सफलपश्चात् सुन्दर झा शास्त्रीले आफ्नो अध्ययन पूरा गरे। उनले आईए, बीए र एमए गरेका थिए, उनी एउटा प्रकाण्ड विद्वान थिए। देशमा सबैलाई समानरूपले अधिकार पाओस्, समानता होस् भन्नेका लागि सदा प्रयत्नशील रहे। उनले नै नेपालमा मैथिली पत्रकारिताको सुरूवात गरेका थिए। वि.सं. २०२५ सालमा उनी सूचना विभागमा थिए। त्यहीं वर्षमा उनले फूलपात नामक पत्रिका सञ्चालन गरेका थिए। त्यसमा उनले २०२७ साल फागुन ७ गतेको अंकमा नेपालसम्बन्धि छापिएको कुरालाई उनीविरूद्ध कारबाही गरिएको थियो। त्यसमा छापिएको थियो, 'छै नाम विचारी मुद्दा कनियो नै छै विचार...।' यस्तो कटाक्षका कारण उनी सरकारी अधिकारी हुँदा पनि राजकाज अभियोगमा कारबाही चलाइएको थियो। वि.सं. २०४० सालमा आएको गुरूङ रिपोर्टको विरूद्धमा पनि उनले धेरै लेखेका थिए। गुरूङ रिपोर्टको बारेमा नेपालका २० वटा पत्रिकाले लेखेको टिप्पणीको विरूद्धमा उनले एउटा पुस्तक लेखेका थिए, 'अनेक सवालको एक जवाफ'। त्यो पुस्तक प्रकाशित भएपछि वि.सं. २०४२ सालमा समातिएका थिए। त्यसपछि उनको प्रेसलाई पनि बन्द गरियो, राजकाज अभियोगमा कारबाही गरियो। जनकपुरधाममा स्थापना गरिएको विद्यापति स्मारकमा पनि उनको धेरै ठूलो योगदान छ। मैथिली भाषा, संस्कृति र साहित्य संरक्षणका साथै नेपालमा प्रजातन्त्र, लोकतन्त्रका लागि धेरै ठूलो योगदान रह्यो। मधेशसँग कुनै प्रकारको भेदभाव वा विभेद नहोस् भन्ने कुराका लागि निरन्तर आवाज उठाउँदै आएका थिए।

वेदानन्द झा

वेदानन्द झाको नामअनुसार खासै योगदान नरहेको वरिष्ठ पत्रकार राजेश्वर नेपाली बताउँछन्। तथापि जब तराई कांग्रेस स्थापना भयो त्यो समयमा वेदानन्द झाका दाई कुलानन्द झा अध्यक्ष थिए। त्यो समयमा वेदानन्द झा पटनाको आर्यावतमा कार्यरत् थिए। जब कुलानन्द झाको निधन भयो त्यसपछि वि.सं. २०१० सालमा वेदानन्द झालाई अध्यक्ष बनाइयो। तराई कांग्रेसको उद्देश्यअनुसार काम गरिरहेका थिए। वि.सं. २०१७ सालको परिवर्तनपछि वेदानन्द झा राजासँग मिलेर गए। वि.सं. २०१८ सालमा उनी मन्त्री भए, त्यसपछि पञ्चायतको प्रवक्ता पनि भए।

महेन्द्र नारायण निधि

विक्रम संवत् १९७८ फागुन १३ गते धनुषाको नगराइनमा जन्मेका महेन्द्र नारायण निधिले मुलुकमा प्रजातन्त्र स्थापनार्थ पुऱ्याएको योगदान अविस्मरणयि छ। युवावस्थादेखि नै राणा र पञ्चायतीविरूद्ध संघर्ष गरेका उनी जीवनको अन्तिम घडीसम्म राजनीति, मुलुक र समाजप्रति निष्ठावान् रहिरहे। बिक्रम सम्बत २००३ सालदेखि नेपाल राष्ट्रिय कांग्रेसबाट राजनीतिको शुभारम्भ गरेका निधिले बिक्रम सम्बत २००६ सालमा नेपाली कांग्रेसको सदस्यता लिएका थिए। भारतको बिहारको जयनगरमा सामान्य शिक्षा प्राप्त गरेका निधिले जहानियाँ राणा शासन बिरूद्धको जनक्रान्तिमा सक्रिय भूमिका निर्बाह गरेका थिए।

महेन्द्र नारायण निधि नेपाली कांग्रेसका गान्धीवादी नेता थिए। उनी नेपाली कांग्रेसका महामन्त्री समेत रहेका थिए। वि.सं. २००७ (असोज ९, १० र ११) मा तत्कालीन राणा शासन विरूद्ध भारतको बिहारस्थित बैरगनियामा तीन दिनसम्म आयोजित बैरगनिया सम्मेलनमा गणेशमान सिंह, खड्गजीत बराल, बहादुरसिंह बराल, डा. के.आई. सिंह, मातृकाप्रसाद कोइराला, बि.पि. कोइराला, कृष्णप्रसाद भट्टराई र महेन्द्र नारायण निधि आदिको समेत उपस्थिति रहेको थियो। बिक्रम सम्बत २००८ साल देखि २०१० साल सम्म तत्कालीन महोत्तरी जिल्ला (जसमा हालको धनुषा, महोत्तरी र सर्लाही तिन वटा जिल्ला सम्मिलित थिए) को कांग्रेस सभापति बनेका थिए।

२०१० साल देखि २०१५ साल सम्म पार्टीको संसदीय सचिवको रूपमा काम गरेका निधि २०१५ सालको आम निर्वाचनमा तत्कालीन महोत्तरी जिल्लाको क्षेत्र नम्बर ४३ बाट प्रतिनिधिसभामा पहिलो पटक निर्वाचित भएर प्रतिनिधि सभामा पुग्न सफल भएका थिए। बिक्रम सम्बत २०१५ सालमा पहिलो पटक सम्पन्न भएको जननिर्वाचित संसदमा निर्वाचित भएर गएका निधि उपसभामुख पनि बन्न सफल भएका थिए। तर, २०१७ सालमा राजा महेन्द्रबाट प्रजातन्त्र माथि प्रतिबन्ध लगाईए पछि निधिले भारतमा तीन बर्ष सम्म निर्वासित जीवन बिताउनु परेको थियो। प्रजातान्त्रिक आन्दोलनका क्रममा पटक पटक गिरफ्तार निधिले करीब १० बर्ष जेल जीवन, ३ वर्ष भारतमा निर्वासित जीवन बिताएका थिए। अहिंशाका पक्षधर रहेका निधिले सुबर्ण समशेर र विशेश्वर प्रसाद कोइरालाले गरेको २०१८ साल र २०३१ सालको सशत्र संघर्षको खुलेरै बिरोध गरेका थिए।

बिक्रम सम्बत २०४६ सालको जनआन्दोलन पनि उनले नेतृत्वदायी भूमिका निर्बाह गरेका थिए। २०४७ वैशाख ६ गते गठित कृष्णप्रसाद भट्टराईको नेतृत्वमा गठित मन्त्रिपरिषद्मा निधि जलश्रोत र स्थानीय विकासमन्त्री भएका थिए। सादगीपूर्ण जीवन र छलकपट रहित व्यवहारका धनी निधी कांग्रेसका महामन्त्री समेत रहेका थिए। २०४८ सालमा निर्वाचित सरकार बने पछि फेरी उनी पार्टीको काममा सक्रिय भएका थिए। उक्त आन्दोलन पछिको पहिलो संसदीय निर्वाचनमा उनी आफ्नै गृह जिल्ला धनुषाको तत्कालीन निर्वाचन क्षेत्र नम्बर ४ बाट प्रतिनिधिसभामा निर्वाचित भएका थिए। त्यस पछि २०५१ सालमा उनी नेपाली कांग्रेसको केन्द्रीय महामन्त्री बन्न सफल भएका थिए। ७६ बर्षको उमेरमा २०५६ साल बैशाख २१ गते हृदयघातका कारण उनको निधन भएको थियो।

कुलानन्द झा

कांग्रेसको अगुवाइमा राणा शासनविरूद्ध महत्वपूर्ण भूमिका खेलेका थिए कुलानन्द झाले। वि.सं. २००७ सालको क्रान्तिपछि मधेश मूलका नेताहरूले कांग्रेससमक्ष तराई-मधेशको मुद्दाबारे छुट्टै अवधारणा प्रस्तुत गरे। उनीहरूले मधेशलाई प्रान्तीय ढाँचामा लानुपर्ने धारणा राखेका थिए। जसलाई नेतृत्वले नकारेपछि कुलानन्द झा, रामजनम तिवारी, श्यामलाल मिश्रलगायत नेताहरूको अगुवाइमा वि.सं. २००८ सालमा तराई-कांग्रेस पार्टीको स्थापना भयो। नेपालमा मूलभूत रूपमा मधेश राजनीति त्यहीँबाट श्रीगणेश भएको मानिन्छ।

तराई-कांग्रेसले तराई मधेशलाई संघीय ढाँचामा लैजानुपर्ने, हिन्दीलाई नेपालीपछि दोस्रो राष्ट्रिय भाषाको मान्यता दिनुपर्ने, नेपाली सेनामा मधेशी युवालाई समाहित गर्नुपर्नेलगायत मुद्दा उठाइएको थियो। कांग्रेस नेतृत्वले मधेशी नेताहरूको उक्त माग पूरा गर्ने छाँटकाँट नदेखाएपछि कुलानन्द झाको नेतृत्वमा तराई-कांग्रेस खुलेको थियो। कुलानन्द झा अस्वस्थ भएपछि उनका भाइ वेदानन्द झाले तराई-कांग्रेसको नेतृत्व लिए।

रघुनाथ ठाकुर "मधेशी"

तराई-कांग्रेसको स्थापनासँगै एउटा विद्यार्थी जमात पनि मधेशमा छुट्टै अभियानका साथ अघि बढेको थियोर। मधेशी विद्यार्थीलाई पनि छात्रवृत्तिमा समान अवसर दिनुपर्ने भन्दै रघुनाथ ठाकुर राजदरबार अगाडि धर्नासमेत बसे। पछि तिनै ठाकुरले मधेश जनक्रान्तिकारी दल र मधेश मुक्ति मोर्चा नामक अभियान सञ्चालन गरेका थिए। उनले नै ०१३ सालमा 'परतन्त्र मधेश और उसकी संस्कृति' नामक किताब लेखेर मधेशको समस्यालाई पहिलोपटक दस्तावेजीकरण गरे। ठाकुरको अभियानमै सरिक कपिलवस्तुका रघुनाथजी राय, रामजी मिश्र र सत्यमणि त्रिपाठीलगायत एउटा समूह नै ०१७ सालको अवस्थापछि भूमिगत हुन पुग्यो। ठाकुरले हतियार नउठाए पनि पञ्चायतकालमा भूमिगत रूपमा मधेशको अभियान सञ्चालन गरेका थिए। भारतको दिल्लीमा समेत यो समूहले पटक-पटक मधेशको समर्थनमा प्रदर्शन गरेको थियो। ठाकुरसँगै उनीहरू सबैलाई प्रहरीले वि.सं. २०३८ सालमा हत्या गऱ्यो।

रामराजा प्रसाद सिंह

नेपालका पहिला गणतन्त्रवादी नेता हुन् रामराजा प्रसाद सिंह। बि स १९९१मा जिमिन्दारको परिवारमा जन्मेका सिंह २०४२ सालमा सिँहदरबारमा बम विस्फोट गराएका थिए। नेपालको पहिलो रास्ट्रपति चुनावमा एकीकृत नेपाल कम्युनिष्ट पार्टी ( माओवादी)का उम्मेदवार थिए। राजा महेन्द्रको पालादेखि नै गणतान्त्रिक आन्दोलनमा लागेका यिनलाई सर्वस्व हरणसहित मृत्युदण्डको सजाय सुनाइएको थियो। वि.सं. २०४२ सालमा नारायणहिटी राजदरबारमा बम पड्काएका थिए। सिंहले भारतको बिहार राज्यअन्तर्गत दरभंगास्थित आफ्नो मामाघर बसेर पढेका थिए। भारत बसाइ क्रममा सिंहले भारतीय विश्वविद्यालयमा कानुन अध्ययन गरे। कानुन पढेर फर्केपछि सर्वोच्च अदालतका अधिवक्ता भएका यिनले राष्ट्रिय पञ्चायतको २०२४ सालको चुनावमा प्रजातन्त्र स्थापनाको नारा लिएर स्नातक उत्तीर्णको कोटाबाट उठे तर जलेश्वरमा पक्राउ परे। ०२८ सालमा फेरि स्नातक कोटामै उम्मेदवार बनेर जिते। उनलाई पञ्चायतविरोधी आरोपमा पक्राउ गरियो। जेलभित्र रहँदा उनले तत्कालीन राजा महेन्द्रसँग नारायणहिटी दरबारमा दुईपटक वार्ता गरे। त्यसको केही समयपछि उनी रिहा भए। रिहा भएको भोलिपल्ट सिंहलाई राष्ट्रिय पञ्चायत सदस्यको शपथग्रहण गराइयो। सपथ लिएर प्रजातन्त्रको आन्दोलन गर्दै रहे। उनी देश भ्रमणमा निस्किए। त्यही क्रममा उनी विराटनगरमा पुन: गिरफ्तारीमा परे। सरकारले सिंहलाई जीवनभर राष्ट्रिय पञ्चायत सदस्य उम्मेदवार बन्न नदिने घोषणा गऱ्यो। उनलाई नक्खु जेलमा राखियो। चार वर्ष ६ महिनापछि सिंह जेलबाट छुटे। 'बहुदलीय जनवादी मोर्चा' गठन गरेर २०३७ सालको जनमत संग्रहमा सिंह सहभागी भए। त्यही बेला उनी नेपालगन्जमा फेरि पक्राउ परे। उनलाई गिरफ्तारलगत्तै छाडियो। त्यसपछि उनी भूमिगत भए।

कांग्रेसले शान्तिपूर्ण सत्याग्रह चलाईरहेका बेलामा २०४२ साल असार ६ गते नारायणहिटी राजदरबार दक्षिणढोका, राष्ट्रिय पञ्चायत भवनलगायत राजधानीका विभिन्न स्थानमा बम विष्फोट भयो र केही निर्दोष व्यक्तिको ज्यान पनि गयो। त्यसको जिम्मा सिंहले लिएपछी उनलाई फाँसी सजाय सुनाइयो। बमकाण्डपछि कांग्रेसको सत्याग्रह पनि स्थगित भयो। २०४३ सालमा भारतमा पक्राउ परेपछि श्रीलङ्काको एक टापुमा पुऱ्याई भारत फर्कन निषेध गरिएको थियो। २०४६ सालको जनआन्दोलनपछि सरकारले सिंहलगायत बमकाण्डका सबै अभियुक्तलाई आममाफी दिने निर्णय गऱ्यो। सिंहले पुन: २०५१ सालको मध्यावधि चुनावमा उनले नेपाल जनवादी मोर्चाको तर्फबाट सिरहा र धनुषाबाट उम्मेदवारी दिए पनि दुवै क्षेत्रबाट पराजित भए।

२०६३ सालमा सिंहले तत्कालीन माओवादीको मधेशी मुक्ति मार्चाको सम्मेलनमा भाषण गरेपछि उनी माओवादीनिकट भए। जनवादी मोर्चा र माओवादीबीच एकता भए पनि सिंह माओवादीमा गएनन् तर एकीकृत माओवादीको तर्फबाट राष्ट्रपति उम्मेदवार बने। सप्तरी सदरमुकाम राजविराजमा परिवारसँगै बस्दै आएका उनको ७७ वर्षको उमेरमा वि.सं. २०६९ भाद्र २७ मा काठमाडौंमा स्नायु सम्बन्धि पार्किन्सन्स् रोगबाट निधन भयो।

गजेन्द्रनारायण सिंह

नेपाली राजनीतिमा मधेश राजनीतिलाई स्थापित गराउने व्यक्ति हुन् गजेन्द्रनारायण सिंह। सिंहको जन्म सप्तरी जिल्लाको कोइलाडी गाविसमा पिता केपी सिंह तथा माता राधादेवी सिंहको दोश्रो सन्तानको रूपमा भएको थियो। गाउँकै विद्यालयमा प्रारम्भिक शिक्षा लिएका सिंहले भारतबाट म्याट्रिक परीक्षा पास गरेका थिए। उनले बनारसमा आइएमा नामांकन गराए पनि राजनीतिक सक्रियताका कारण उच्च शिक्षा अध्ययन गर्न सकेनन्। नेपाललाई संघीयतामा लैजानुपर्ने विचार सिंहकै थियो र त्यसका लागि उनले पार्टी नै स्थापना गरेर नेपाली राजनीतिमा आफ्नो स्थान बनाए। नेपालको प्रजातान्त्रिक आन्दोलनमा सक्रिय सिंहले नेपाली कांग्रेबाट अलग भई पूर्वाञ्चल कांग्रेस गठन गरेका थिए। २०४० सालपछि नेपाल सद्भावना परिषद् हुँदै उनले २०४७ साल वैसाख ३ गते नेपाल सद्भावना पार्टी गठन गरे। तत्कालीन समयमा भारतमा महात्मा गान्धीको स्वतन्त्रता आन्दोलन चल्दै थियो। उक्त आन्दोलनबाट प्रेरित भएका सिंहले राणा शासनको विरूद्ध सन् १९४७ मा नेपाल राष्ट्रिय कांग्रेसमा सक्रिय भएका थिए।

सन् १९४९ को सत्याग्रह आन्दोलनमा सहभागी भएका सिंह आफ्नै जिल्लामा जेल परेका थिए। सन् १९५० देखि ६० सम्म नेपाली कांग्रेसको जिल्ला अध्यक्ष रहेका सिंह १९६० देखि ७७ सम्म कांग्रेसको केन्द्रीय सदस्य रहे। २०३९ सालमा नेपाली कांग्रेस परित्याग गरी २०४० सालमा नेपाल सद्भावना परिषद् गठन गरी २०४७ सालमा नेपाल सदभावना पार्टी बनाएका थिए। २०४२ सालमा राष्ट्रिय पंचायत सदस्य भएका सिंह २०४८ र २०५१ मा सांसदमा निर्वाचित भएका थिए। सिंहको निधन २०५८ माघ १० गते भएका थियो।

२०४७ सालमा दर्ता भएको नेपाल सद्भावना पार्टीले काठमाडौंको भद्रकालीमा १५ दिने रिले अनशन गरेको थियो भने पहिलो आमसभा २०४७ साल मंसिरमा काठमाडौंकै टुँडिखेलमा गरेको थियो। उक्त आमसभा राज्यद्वारा विथोलिएको थियो भने मधेशी नेताहरूमाथि कुटपिट भएको थियो। जसको विरोधमा २०४७ माघमा सिंहदरबार अगाडि प्रदर्शन गर्दा पनि कुटपिट भएको थियो। जसमा संस्थापक नेता रामजनम तिवारीको हात भाँचिएको थियो। सद्भावनाले संसदमा प्रवेश पाएसँगै धोतीकुर्ता, हिन्दी भाषाले पनि सदनमा प्रवेश पाएको थियो। २०४७ सालमा संघीयता, समावेशी, मधेशको नागरिकता समस्या, मधेशको भाषा समस्यालगायतका विषयलाई उठाएर राजनीति सुरू गरेको नेपाल सद्भावना पार्टी अहिले इतिहासमा सीमित भएको छ।

रघुनाथ प्रसाद गुप्ता रौनियार

वि.सं. १९६८ साल साउन २७ गते काठमाडौंमा जन्मिएका रघुनाथ प्रसाद गुप्ता रौनियार नेपालकै पहिलो पत्रकारको रूपमा हुन्। उनी तराई कांग्रेसका पहिलो महासचिव समेत हुन्। उनका बुवा मधेशबाट नै काठमाडौं बसाइ सरेका थिए र काठमाडौंमा व्यवसायी थिए। प्रजा परिषद्को स्थापनाकालीन सदस्य पनि थिए। भारतमा दयानन्द सरस्वतीको आर्य समाज त्यसको पनि उनी सदस्य थिए। त्यसको मूल प्रचारकको रूपमा काठमाडौंमा कार्यरत् थिए। जसको सम्बद्ध शुक्रराज शास्त्री पनि थिए। आर्य समाजको पहिलो सभा काठमाडौंमा रौनियारले नै आयोजना गरेका थिए। यही कुराबाट राणा सरकार उनीमाथि आक्रोशित थिए। वि.सं. १९९७ सालको प्रजा काण्डमा उनलाई पनि फाँसीको सजाय दिइएको थियो। त्यो उनी भागेर हिन्दूस्तान पुगे, त्यहींबाट भारतको पत्रहरूमा नेपालको निरंकुशताबारे लेखिरहे। पछि पद्मशम्शेर प्रधानमन्त्री भएपछि उनको फाँसी माफ भयो र काठमाडौं फर्के। त्यसपछि उनी आफ्नो व्यवसायमा पनि लागे। पछि राजा त्रिभुवनसँग पनि उनको सम्पर्क भयो। उनले राजा त्रिभुवन र भारतीय राजदूतबीच सम्पर्क गराउन मध्यस्थता पनि गरेका थिए। त्यहीं आधारमा वि.सं. २००७ कार्तिक २१ गते राजा सपरिवार भारतीय राजदूतावासमा शरण लिएका थिए। तत्कालीन गृहमन्त्री बीपी कोइराला समक्ष महोत्तरी जिल्ला कांग्रेसका सभापति पण्डित रमाकान्त झा, तौलिहवाका मुन्सी दयाशंकर गुप्त र रघुनाथ प्रसाद रौनियारले मधेश र मधेशीसँग भइरहेको विभेद हटाउनुपर्ने र समानताको अधिकार मधेशीलाई पनि मिलोस् भनेका थिए। बीपी कोइरालाले उत्तर फर्काएका थिए कि अहिले प्रजातन्त्र स्थिर भइसकेको छैन। स्थिर भएपछि यी समस्याहरू आफै समाप्त हुने बीपी कोइरालाले आश्वासन दिए। त्यो कुराबाट उनीहरू रूष्ट भएपछि तराई कांग्रेस स्थापनाका लागि अगाडि बढे।

शिवप्रसाद सिंह

रौतहटको ब्रह्मपुरीका शिवप्रसाद सिंहले किसानको आन्दोलनलाई संगठित गरेका थिए। ०७ सालको क्रान्ति चलिरहँदा सिंहले हजारौं हजार गाउँका किसानहरूलाई जम्मा गरेका थिए। उनले हजारौं किसानलाई जम्मा गरेर गौरमा जुलुस निकालेका थिए। राणाका अधिकारीहरूले उनलाई चेतावनी दिएका थिए कि जुलुस ननिकाल्नु नत्र मारिनुहुन्छ। तर, उनले मानेनन्, जुलुल लिएर अगाडि बढ्दै गए। सोही क्रममा राणाका अधिकारीहरूले सिंहसँगै अन्य पाँच जनाको हत्या गरेका थिए। राणा विरोधी आन्दोलनमा सिंहले किसानहरूलाई जम्मा गरेर आन्दोलन अगाडि बढाउन खोजेका थिए।

सत्यनारायण टेमानी

तराई कांग्रेसको स्थापनाकालीन नेताको रूपमा चिनिन्छन्, सत्यनारायण टेमानी। तराई कांग्रेसको केन्द्रीय समितिमा उनी पनि सक्रिय रहेका थिए। मधेश र मधेशीमाथि हुँदै आएको विभेद र अन्यायका बारेमा उनको पनि भूमिका रहेको थियो।

भागवत् यादव

बारा जिल्लाको कचोर्वा गाउँमा जन्मेका क्रान्तिकारी नेताको रूपमा भागवत् यादवलाई स्मरण गरिन्छ। उनी धेरै पढेलेखेका थिएन, तर पहलवान मान्छे थिए। उनी गणेमान सिंहबाट अभिप्रेरित भई क्रान्तिमा लागेका थिए। बारा जिल्लाको बोर्डरमा झरोखर क्रान्ति भन्ने छ, त्यहाँ उनले मुक्ति बाहिनी भने एउटा ट्रेनिङ दिने गरेका थिए। यो कुरा सरकारलाई थाहा भएपछि प्रहरीहरू आए। त्यसपछि त्यहाँ मुठभेदको अवस्था सिर्जना भयो। सो क्रममा गणेशमान सिंह, भागवत यादव लगायतका व्यक्तिहरू समातिएका थिए। भारतीय सीमामा रहेकोले उनीहरू रक्सौलमै राखियो। त्यसपछि छोडिएको थियो। वि.सं. २००७ सालको क्रान्तिमा बारा जिल्लामा भागवत यादव धेरै ठूलो योगदान रहेको थियो। यसैगरी, उनी वि.सं. २०१५ सालको चुनावमा बाराबाट जितेका पनि थिए। त्यसपछि २०१७ साल पुस १ गते राजाले परिवर्तन गरेपछि भारतमा निर्वासित जीवन बिताउन थाले। लामो समयसम्म उनी निर्वासन जीवन बिताए। २०२५ सालमा पूर्वाञ्चल कांग्रेस निर्माण हुँदा उनी प्रमुख हर्ताकर्तामध्ये एक थिए। २०३६ सालको जनमत संग्रहमा पनि उनी बहुदलको प्रचारमा सक्रिय थिए। राष्ट्रिय पञ्चायतमा पनि उनी पुगेका थिए। त्यहाँ पनि उनले मधेश समस्याको कुरा उठाएका थिए। जब हर्कबाहादुर गुरूङको रिपोर्ट आयो त्यसको विरोधमा भागवत यादव बाराबाट र पर्साबाट एक थारू समुदायका नेताले त्यो रिपोर्टको विरोधमा एउटा वक्तव्य जारी गरेका थिए। राष्ट्रिय पञ्चायतको सदस्य भएर गुरूङ रिपोर्टको विरोध गर्ने यी दुई जना नै थिए। उनी एउटा ठूलो क्रान्तिकारी नेता थिए र बारा जिल्लाको एकछत्र नेताको रूपमा २००७ सालदेखि २०४२ सम्म स्थापित नेता हुन्।

विश्वनाथ सिंह

पञ्चायतमा विश्वनाथ सिंह सक्रिय थिए। बारा जिल्लाको पञ्चायत सभापति भएका थिए। बहुदल आइसकेपछि मधेशका समस्याहरूको उठान गरेका थिए।

श्यामलाल मिश्र

श्यामलाल मिश्र एउटा ठूलो क्रान्तिकारी व्यक्तित्व थिए। तराई कांग्रेस र नेपाल सद्भावना परिषद् स्थापना गरेर मधेशको समस्या उठाउने अग्रणी नेताका रूपमा चिनिन्छन्। वि.सं. २०१४ सालमा भएको भाषा आन्दोलनमा विराटनगरबाट गिरफ्तार भएका थिए। उनी कविता पनि लेख्ने गर्थे। त्यो समयमा उनको 'खुनी तलवार' एकदम नामी कविता थियो। बीपी कोइरालाको बहुदलीय प्रचार मञ्चमार्फत् विभिन्न ठाउँमा भएको आमसभामा त्यो कविता सुनाउँथे। यो देशमा जति दुर्गति भएको छ, त्यसको ठूलो व्याख्यान गरिएको थियो। त्यहीं कविताका कारण वि.सं. २०४२ सालमा भएको बम काण्डमा अनुसन्धानको नाममा उनलाई पक्राउ गरियो। उनीमाथि राजकाज अभियोगमा कारबाही चलाइयो। २०४० मा गठन भएको नेपाली सद्भावना परिषद्को संस्थापक सदस्यसमेत उनी थिए। सुनसरी जिल्लामा नेपाली सद्भावना परिषद्को संयोजक थिए। सद्भावना पार्टीमा गठन भइसकेपछि उनी त्यसको केन्द्रीय सदस्य थिए। वि.सं. २०६७ पुस ५ गते उनको निधन भएको थियो।

डा.मनमोहन गुप्ता

नेपाली कांग्रेसको मोरङ जिल्ला समितिको सभापति गिरिजाप्रसाद कोइराला थिए भने डा.मनमोहन गुप्ता जिल्ला सचिव थिए। उनी सधैं मधेशी माइन्डेड थिए जसले गर्दा कांग्रेसमा उनले खासै स्थान पाएन। वि.सं. २०१७ सालपछि उनी धेरै दिनसम्म भारतमा निर्वासित जीवन बिताए। पछि क्षमायाचनापछि वि.सं. २०२५ सालमा स्वदेश फिर्ता भए। जब नेपाली सद्भावना परिषद्को जिल्ला समिति गठन भएको थियो त्यसको अध्यक्ष श्यामलाल मिश्र थिए र डा.मनमोहन गुप्ता सचिव थिए। गजेन्द्र नारायण सिंहसँग उनको लगाव थियो। उनी आफ्नो जीवनकालमा मधेश र मधेशीका लागि कार्य गरिरहे।

रामचन्द्र मिश्र

महोत्तरीका रामचन्द्र मिश्र आइएसम्मको अध्ययन गरेका थिए। वि.सं. २०१४ सालमा प्रजा परिषद्मा आएका थिए। भद्रकाली मिश्रको पार्टीको जिल्ला कार्यालय सचिवको रूपमा कार्य गरेका थिए। २०१६ सालको चुनावसम्म प्रजा परिषद्मा लागिरहे। २०१७ सालमा जब पार्टी प्रतिबन्ध भयो, त्यसपछि प्रजातन्त्र पुनर्स्थापनाको आन्दोलनमा सक्रिय थिए। २०१८ साल कार्तिक २६ गते प्रजातन्त्र पुनर्स्थापनाका लागि जनकपुरधाममा भएको पहिलो सत्याग्रहको महेन्द्र नारायण निधिले नेतृत्व गरिरहेका थिए। सो क्रममा रामचन्द्र मिश्र, बलराम नायक, नागेश्वर झा, कमलाकान्त चौधरी, शशिधर चौधरी लगायत गिरफ्तार भएका थिए। ६ महिनापछि सबै रिहा भए। पछि जब सद्भावना परिषद्को गठन भयो, त्यसको अन्तिम संयोजकको रूपमा रामचन्द्र मिश्र थिए। जब प्रजातन्त्रको पुनर्स्थापनाको घोषणा भयो त्यसपछि रामचन्द्र मिश्रकै संयोजकत्वमा भएको सभामा नेपाल सद्भावना पार्टी घोषणा भएको थियो। त्यसपछि उनी पार्टीको सहमहामन्त्री, प्रवक्ताको रूपमा काम गरेका थिए।

शिवचन्द्र मिश्र

शिवचन्द्र मिश्र नेपाली कांग्रेसका विद्यार्थी नेताको रूपमा अगाडि आएका थिए। भारतमा रहेको नेपाल विद्यार्थी युवा संघ थियो त्यसको सक्रिय कार्यकर्ता थिए। जब नेपाली कांग्रेसको अभियान चल्यो प्रजातन्त्र पुनर्स्थापनाको, सोही क्रममा महोत्तरीको सम्सी बोर्डरमा सेनासँगको मुठभेडमा वि.सं. २०१९ साल असोज २४ गते मारिएका थिए। त्यो हिसावले सो क्षेत्रको पहिलो शहीदको रूपमा रहेका छन्। दुर्गानन्द झाको वि.सं. २०२० साल माघ १५ गते फाँसी भएको थियो। त्योभन्दा पहिले शिवचन्द्र मिश्रको हत्या भएको थियो।

रासबिहारी राय

उनी नेपाली कांग्रेसमा निरन्तर लागिरहे। सर्लाही जिल्लामा राजनीतिकरूपमा जागरण ल्याउने पहिलो व्यक्ति हुन् रासबिहारी राय। पूरै सर्लाही जिल्लामा पैदलयात्रा गरी संगठन विस्तार गरेका थिए। सर्लाहीका धेरै पूरानो नेताको रूपमा रासबिहारी रायलाई चिनिन्छन्। पर्सापूरबारी गाउँ निवासी रासबिहारी हिन्दूस्तानमा कक्षा ७ सम्म अध्ययन गरेका थिए। उनलाई मास्टरजी भनेर पनि चिनिन्थ्यो। २००७ सालको आन्दोलनमा सोनवर्षामा नेपालीको जुन क्याम्प थियो त्यसको इन्चार्जको रूपमा थिए। पछि उनी कांग्रेसको सर्लाही जिल्ला सभापति पनि भए। ०१५ सालको चुनाव उनी नेपाली कांग्रेसको उम्मेदवार थिए। त्यसमा पार्टीको तर्फबाट उनलाई सहयोग प्राप्त भएन, जसले गर्दा उनी पराजित भए। अन्तिम समयसम्म प्रजातन्त्रका लागि लागिरहने व्यक्तिमध्ये उनी एक थिए।

मलहम -डा. रामदेव पंडित (आयुर्वेद चिकित्सक)



# हिटरजस्तै खतरनाक हुन्छ मधेशमा घुर

भर्खरै मात्र मकवानपुरको एउटा होटलमा भएको ८ जना भारतीय पर्यटकको मृत्युको एउटा समाचारले नेपाल र भारतमा निकै चर्चा पाएको छ। गत बर्ष मात्र पनि काठमाडौं मैं एक इन्जिनीयर दम्पतीले यसरी नै हिटर कै कारणले ज्यान गुमाउनु परेको थियो। आगो ताप्नेक्रममा सावधानी नअपनाउँदा परिवारै सखाप भएको यी ज्वलन्त दुर्घटनाहरूबाट आम नेपालीहरूले पाठ सिक्नुपर्छ। जाडोमा आगोको प्रयोग गर्दा सदा सजग एवं सावधान बन्नुपर्छ।

तराई मधेशको सन्दर्भमा हिटर ताप्ने चलन सम्पन्न परिवारमा मात्र रहेको पाइन्छ। अधिकांशले घुर ताप्ने गर्दछन्। घुर भनेको स्थानीय रूपमा उपलब्ध सामग्रीहरू (पराल, भुस, सन्ठी, गुईठा, मसिनो दाउरा, पातपतिंगर, कोइला, कागज, पलाष्टिक, आदि) लाई बालेर जगाएको धुँवा सहितको आगो हो। मधेशमा दलितहरूको लागि घुर त जाडो कटाउने सहारा नै मानिन्छ। जाडोमा मधेशमा चल्ने सितलहर एवं चिसोबाट सबैभन्दा धेरै पीडित हुन्छन् मधेशका दलितहरू। दलित बस्तीमा ओड्ने, ओछ्याउने सहित लगाउने लुगासमेत न्यानो र गतिलो हुँदैन। घाम लागे त ठीकै हुन्छ, तर जब हप्तौं र कहिलेकाहीं महिनौंसम्म लाग्ने हुस्सुले गाउँ घेरिरहन्छ, त्यस्तो वेला घुर ताप्नु नै सहज विकल्प हुन्छ।

जाडोको ओसिलो पातपतिंगरले घुरमा आगो राम्रोसँग बल्न पाउँदैन, धुवाँ मात्रै पुतपुताइरहन्छ। त्यही धुवाँको न्यानोमा बुढापाका, महिला र केटाकेटी जम्मा हुन्छन्। कतिपय ठाउँमा बुढापाकाहरू रातभरि त्यहीँ बस्छन्। हल्का न्यानोमा बस्दा बुढापाका त्यहीँ निदाउँछन्। निदापछी धोती, च्यादर, साडी, मफ्लर, आदिमा आगोले भेट्दछ र दुर्घटना हुन्छ। त्यती मात्र नभएर त्यही आगो परालले बनेको पुरै घरमा सर्न पुग्दछ। जसबाट घरै जलेर खरानी भएको, गाई वस्तुहरू समेत जलेको समाचारहरू प्राय: सबै जाडो सुन्न पाइन्छ। कहींकहीं त मानिसहरू घुर ताप्दाताप्दै चिसोको कारण बिरामी हुने र कठ्यांग्रिएर मर्ने घटना पनि वेलावेला सुन्नमा आउँछ। यसरी घुरको कारण मधेशमा केही मान्छेले प्रत्येकबर्ष ज्यान गुमाएकै हुन्छ। हिटरबाट भएको मृत्यु राष्ट्रिय समाचार बन्दछ किन कि त्यहाँ सम्पन्न परिवार परेको हुन्छ तर घुरबाट भएको दुर्घटना चर्चा मै आउँदैन किन कि त्यहाँ गरीबको ज्यान गएको हुन्छ। तर दुवै खाले घट्नामा मानवीय क्षती भने भएकै हुन्छ। अत हिटर जस्तै खतरनाक हुन्छ मधेशमा घुरको आगो।

दुर्घटना हुन्छ भनेर हिटर वा घुर ताप्न छोडनुपर्छ भन्ने कुरा गर्न मिल्लदैन। तर स्थानीय सरकारले बिशेष गरी मधेशमा घुरबाट हुने दुर्घटनालाई न्यूनिकरण गर्न व्यवस्थित रूपमा आमसञ्चार माध्यमको प्रयोग गरी जनचेतना मुलक कार्यक्रम सम्प्रेशण गर्न सक्नुपर्छ। त्यस खालको प्रयत्नको जरूरी छ।

**गर्न नहुने :**

- कहिल्यै पनि बन्द कोठामा हिटर वा घुर बालेर बाहिर ननिस्कनुहोस्। किनकी यसबाट वाहिरिने कार्वनमनोअक्साइड ग्यास मानिसको लागि निकै हानिकारक हुन्छ।
- हिटर वा घुर जलाएर पनि कहिल्यै निदाउनु हुँदैन। यसो गर्दा अक्सिजनको अभाव भएर श्वासप्रश्वासमा बाधा उत्पन्न भएर ज्यान जान सक्छ।
- मुटु, श्वासप्रश्वास, खोकीजस्ता समस्या भएका व्यक्तिले हिटर वा घुरको प्रयोग गर्नु हुँदैन। हिटर वा घुरले त्यहाँ नजिकैको हावालाई सुख्खा बनाईदिन्छ जुन रोगीको लागि प्राणघातक हुन्छ। यदि प्रयोग गर्ने नै हो भने हिटर वा घुर नजिकै एक बाटाभरी पानी राख्न सक्नुपर्दछ। बाटाको पानीको कारण नजिकैको हावा खुख्खा हुन पाउँदैन। बाटामा पानी राख्न नमिले मनतातो पानी पिइराख्नुपर्छ वा चिया, कफि, सुपजस्ता पेयपदार्थको पनि पिउन सकिन्छ।
- छालाको स्वास्थ्यको लागि पनि हिटर वा घुर राम्रो मानिँदैन। लामो समयसम्म हिटर वा घुर नजिकमा बस्दा छाला सुख्खा एवं कालो भएर जाने गर्छ। त्यति मात्र नभएर रातो दाग बस्ने, चिलाउनेजस्ता समस्या पनि हुन्छ। हिटरको विकिरण र घुरको धुँवाले छाला सम्बन्धी रोगहरू निम्त्याउने हुनसक्छ।
- हिटर र घुरले आँखालाई पनि सुख्खा बनाउन सक्छ। जसको कारण आखा चिलाउने, पोल्ने जस्ता समस्या पनि निम्तिने गर्छ। जसले आँखा सम्बन्धी रोग समेत लाग्न सक्छ।
- घुर वा हिटरले छाला जले वा पोले त्यस भागलाई खुल्ला बनाउने, पोलेका स्थानमा सफा चिसो पानीले २० मिनेट सम्म पखाल्नु पर्छ। त्यसपछी घरमा घर वा स्थानीय रूपमा उपलब्ध मह वा ध्यूकुमारीको लेप राख्नु प्राथमिक उपचार हुन्छ। अत्याधिक जलन भएको अवस्थामा तत्काले अस्पताल लाने व्यवस्था गर्नु पर्दछ।

**सावधानी :**

- o परालले बनेको घर भित्र सकेसम्म घुर वा हिटर बाल्नु हुँदैन। बाल्नै परे छाना घेरै माथि भएको हुनुपर्छ र धुँवा बाहिर निस्कन मिल्ने वा हावा भित्र छिर्न मिल्ने प्रयाप्त खुल्ला ठाउँ हुनुपर्छ।
- o घरमा एक्लै भएको बेला घुर वा हिटरको प्रयोग नगरेकै राम्रो।
- o घुर वा हिटरको नजिक छिटो जल्ने खालका कुनै पनि सामाग्री राख्नुहुँदैन। जहिले पनि पराल, कागज, प्लास्टिक, ब्लाइंकेट, कपडा, दाउरा, पेट्रोल, मट्टितेल लगायतका सामाग्री घुर भन्दा टाढा राख्नुपर्छ।
- o हिटर वा घुर ताप्दा धेरै नजिकबाट ताप्नु हँदैन।
- o घुरमा प्लास्टिक, शिसा, कपडा आदि बाल्नु हुँदैन।
- o घुर नजिक बस्ता सकेसम्म पैन्ट लगाउनु पर्छ, घोती वा च्यादर लगाएको बेला अत्याधिक सचेत भएर मात्र घुर वा हिटर नजिक बस्नुपर्छ।
- o समय समयमा चलिरहेको हिटरलाई बन्द गरिरहनुपर्छ। र, हिटर बलेको बेला ढोका र झ्याललाई पनि खुला राख्नुपर्छ।
- o राती घर भित्र घुर बालेरै सुत्न जानु हुँदैन। घुर बालेर सुत्न जाँदा घुरलाई राम्रोसँग निभाउनुपर्छ वा छोप्नुपर्छ वा तोप्नुपर्छ। र कोठा भित्र बाहिर केही मात्रामा हावा आउन जाने खुल्ला हुनुपर्छ।

## "नेकपा र राजपाको योगदान महत्वपूर्ण"

रौतहट। नेकपाका वरिष्ठ नेता माधवकुमार नेपालले लोकतन्त्र ल्याउन नेकपा र राजपाको महत्वपूर्ण भूमिका रहेको बताएका छन्। देशमा संघीयता तथा गणतन्त्रको लडाइँमा राजपाले पनि कठोर संघर्ष गरेको बताउँदै विगतमा पनि नेकपा र राजपाको सरकार बनेको स्पष्ट पारे। लोकतन्त्र आइसकेपछि नेकपाले राजेन्द्र महतो तथा अनिलकुमार झालाई मन्त्री बन्न सहयोग गरेको दाबी गर्दै वरिष्ठ नेता नेपालले नेकपा र राजपा दुवै लोकतान्त्रिक चरित्र भएको पार्टी भएकाले राष्ट्रियसभाको निर्वाचनमा दुवै पार्टीले गठबन्धन गरेको बताए। गृहनगर रौतहटको गौरमा आयोजित राष्ट्रियसभा उम्मेदवार परिचय तथा अन्तर्क्रिया कार्यक्रममा बोल्दै उनले दुई लोकतान्त्रिक दलबीच चुनावी तालमेल हुनु कुनै अपवित्र गठबन्धन नभएको बताउँदै वरिष्ठ नेता नेपालले राष्ट्रियसभाको निर्वाचनमा भएको तालमेलले देशलाई निकास दिन सहयोग पुग्ने बताए। नेता नेपालले संयुक्त प्यानलले प्रदेश २ मा जित्ने विश्वास व्यक्त गरे। एमसिसीलाई लिएर देशमा भइरहेको चर्चाजस्तो नभएको हुँदा सबै पक्ष मिलेर यसको विषयमा छलफल हुनुपर्ने नेता नेपालको भनाइ छ।

## आगलागीमा ५५ लाखको क्षति

मोरङ। पथरी शनिश्चरे नगरपालिका-५ शान्ति चोक बस्ने ३८ वर्षीय रामजी रिजालको घरमा बिद्युत सर्ट भई शनिबार बिहान आगलागी हुँदा ५५ लाखभन्दा बढीको धनमाल जलेर नष्ट भएको छ। घर, घरभित्र रहेको अन्नपात, लत्ताकपडा, भाडावर्तन, फर्निचर लगायतका सामान जलेर करिब ५५ लाख रूपैयाँ बराबरको धनमाल नष्ट भएको छ। स्थानीय बासिन्दा तथा दमकलको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## प्रदेश १ को मन्त्रिपरिषद् विस्तार

विराटनगर। प्रदेश नं. १ को मन्त्रिपरिषद् विस्तार भएको छ। मुख्यमन्त्री शेरधन राईले मन्त्रिपरिषद् विस्तार गरेका छन्। मुख्यमन्त्री राईले आइतबार चार राज्यमन्त्री थप गरी नौ सदस्यीय मन्त्रिपरिषद् गठन गरेका हुन्। मुख्मन्त्रीले इलामका रामबहदुर मगर, मोरङका विजयकुमार विश्वास थारू, झापाकी जसमाया गजमेर र ओखरढुङ्गाका अम्बिरबाबु गुरूङ्लाई राज्यमन्त्रीका रूपमा सरकारमा सामेल गराएका हुन्। प्रदेश प्रमुख सोमनाथ अधिकारी प्यासीको उपस्थितिमा मुख्यमन्त्री शेरधन राईले नवनियुक्त राज्यमन्त्रीहरूलाई पद तथा ओहोदाको शपथ गराएका थिए।

## अधिकतम् उपयोग गर्न आवश्यक

धनगढी। भूमि, व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री पद्माकुमारी अर्यालले जमिनको अधिकतम उपयोग गर्न आवश्यक रहेको बताएकी छन्। भूमि, व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले आइतबार धनगढीमा आयोजना गरेको कार्यक्रममा उनले सो कुरा बताएकी हुन्। उनले खोलानाला र वन क्षेत्रको जग्गाबाट उत्पादन लिन जरूरी रहेको औंल्याइन्।

## प्रदेश ५ को हिउँदे अधिवेशन सुरू

रूपन्देही। प्रदेश नं. ५ को हिउँदे अधिवेशन आइतबारदेखि सुरू भएको छ। चौथो अधिवेशन झन्डै चार महिनाअघि सकिएको थियो। त्यपछिको पहिलो बैठकमा प्रदेशको स्थानीय राजधानी र नामकरणको विषयले प्रथमिकता पाएको छ। प्रदेश सभा सदस्यले यही अधिवेशनबाटै प्रदेशको नामकरण र स्थानीय राजधानीको टुंगे लगाउनुपर्ने धारणा व्यक्त गरेका छन्। उनीहरूले चार महिना अवधिमा जनताले सथानीय राजधानीबारे कुरा उठाएको बताए। यो अधिवेशन सकिँदा नाम र स्थानीय राजधानी प्रदेशले पाउनुपर्ने माग उनीहरूले गरे।

## विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू नि:सन्देह जीवघाती हुन्। होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ। जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, धनुषा, नेपाल
**सम्पर्क नं.** : ०१५२२३५०
**इमेल** : malcprovince2@gmail.com

## हिउँदै वर्षाका ईटा नोक्सान

नेपालगञ्ज। हिउँदे वर्षा भएकोले तयारी अवस्थामा रहेको काँचो इँटामा धेरै क्षति भएको छ। जसका कारण ५० प्रतिशतभन्दा बढी इँटा उत्पादन घट्ने व्यवसायीले जनाएका छन्। बाँकेमा २० करोड इँटा उत्पादन हुने अनुमान गरिएकोमा पटक-पटकको हिउँदे वर्षले गर्दा तयारी अवस्थामा रहेको १० करोड जति इँटा गलेर क्षति भएकाले अब मात्र उत्पादन हुने देखिएको इँटा व्यवसायी सङ्घ बाँकेले जनाएको छ। वर्षभरिको माघ धान्नका लागि यही समयमा बरोडौं काँचो इँटा तयार पारेर राखिने गरिएकोमा यस वर्ष सोही समयमा धेरै पटक वर्षा भएर इँटा नष्ट गर्दा उत्पादनमा ठूलो प्रभाव परेको अध्यक्ष खाँले जनाए।

## स्थापना दिवस मनाइयो

धनगढी। सुदूरपश्चिम प्रदेश सभाको दोस्रो स्थापना दिवस मनाइएको छ। प्रदेश प्रमुख शर्मिलाकुमारी पन्तको उपस्थितिमा प्रदेश सभा परिसरमा स्थापना दिवस मनाइएको हो वि. सं. २०७४ माघ ७ गते प्रदेश सभाको स्थापना भएको थियो। दुई वर्ष पूरा हुँदा प्रदेश सभाबाट ३२ वटा विधेयक पारित भएर प्रमाणीकरण भएका छन्। नयाँ संरचनाको अभ्यास गर्दा सुरूमा केही कठिनाइ थियो।

## कृषक मारमा

रौतहट। रौतहटको गुजरा नगरपालिका अन्तरगत जंगली बँदेल आतंकको कारण कृषकहरू ठुलो मारमा परेका छन्। दैनिक राती राती दर्जनौंको संख्यामा आउने जंगली बँदेलले किसानले आफनो खेतमा लगाएको बाली नाली क्षती गरीरहेकाले किसानहरू समस्यामा परेका छन्। गुजरा नगरपालिका २ स्थित रामप्रसाद चौधरीले २ कठा जग्गामा लगाएको मकैबाली बँदेलको झुण्डले पुरै सफाप पारीसकेको बताए। अहिले आलु फलीरहेको छ २ कठा जग्गामा लगाईएको आलुमा पनी बँदेलले दैनिक क्षती गरीरहेको पिडित किसान चौधरीले गुनासो गरे। गुजरा २ चौंचामा रामप्रसाद उदाहरण मात्र हुन त्यहाँका दर्जनौ किसानले खेतमा लगाएको कमैबाली, आलु लगायतको बाली बँदेलले क्षती गरेकाले किसानहरू हैरान भएका छन्।

स्थानीय सम्वाद

# स्थानीय तहलाई किटान भएको अधिकार कुण्ठित भयो



रविन राई
मेयर, रतुवामाई नगरपालिका, मोरङ

मोरंगको रतुवामाई नगरपालिका जिल्लाको दक्षिण पूर्वी भागमा पर्दछ। यो नगरपालिकाको सबै भूभागसम्म परेको तराईको क्षेत्रमा अवस्थित छ। मोरंगको सिजुवा, वरडंगा (१,४,५,७), गोविन्दपुर(१,३,४,७), झुर्किया, महादेवा र इटहरा लगायतका क्षेत्रलाई मिलाएर यो नगरपालिका स्थापना गरिएको हो। यस भेगमा अघि धेरै पहिलादेखि मानिसहरूको बसोबास भएको देखिन्छ। अघि मोरंग भेगमा झाडीका रूपमा रहँदा पनि यस भेगका खोला किनाराहरूमा स्थानीय आदिवासीहरूको बसोबास थियो। यस नगरपालिका भित्रका विभिन्न भागमा अहिले पनि त्यस्तो पुरानो बसोबासको केन्द्रका अवशेषहरू पाउन सकिन्छ। रतुवा र बक्राहा खोलाको बीच तथा मोरंगको दक्षिणपूर्वी भागमा यो नगरपालिका अवस्थित छ।

**o जनप्रतिनिधिको रूपमा तपाइँले पाँचवर्षे कार्यकालको आधाभन्दा बढी समय बिताइसक्नुभयो। कस्तो छ अनुभव ?**

– हामी जुन परिस्थितिमा जनप्रतिनिधिको रूपमा निर्वाचित भएर आयौं, त्यो परिस्थिति अहिले पनि सहज भइसकेको छैन। कर्मचारी, कार्यालय लगायत सबै कुरा अस्तव्यस्त भएको अवस्थामा हामी जनप्रतिनिधिका रूपमा आएका थियौं। शासकीय स्वरूपको संघीय संरचनालाई हाम्रो देशले पहिलो पटक अभ्यास गर्दैछ। त्यसैले धेरै कुराहरूको अन्योलताहरू अहिले पनि छ। हामी जुन लक्ष्यका साथ जनप्रतिनिधि भएर आयौं, त्यसअनुसार गर्न नसकिएको परिस्थिति छ। तथापि, हामी विभिन्न स्रोत र साधनको अभावका बाबजुद पनि इमान्दारिताका साथ जनताको तत्कालीन आवश्यकताहरू परिपूर्ति गर्ने हिसावले अगाडि बढिरहेका छौं।

**o जनताले महसुस गर्ने के-के काम भयो ?**

– जनताको दैनिक जीवनमा आइपर्ने आवश्यकताहरूलाई कसरी सहज बनाउन सकिन्छ भन्ने सन्दर्भ नै हाम्रो पहिलो प्राथमिकता हो। बाटोघाटो, पुलपुलेसा लगायतका पूर्वाधारहरू निर्माण गर्दैछौं। हिजो केन्द्रिकृत शासन हुँदा यी कुराहरूमा जनताको पहुँच पनि थिएन। तर, आज जनताको घरदैलोमै सरकार छ। योजना सञ्चालनदेखि लिएर योजना कार्यान्वयन लगायतका कुराहरू गाउँघरमै भइरहेको छ। सबैभन्दा ठूलो कुरा त जनताले आफ्नो गाउँ-ठाउँबाट सेवा लिने अवसर पाएका छन्। यसलाई व्यवस्थित गरेर जनताको विकास निर्माणको चाहनालाई अगाडि लिएर जानुपर्छ। पालिकाहरूमा आएको सीमित बजेटले खासै केही गर्न सक्ने अवस्था छैन। हामीसँग आएको सीमित बजेटले जनताको आवश्यकता पूरा गर्ने कोशिस गरिरहेका छौं।

**o भनेपछि, तपाइँहरूलाई बजेट पुगेन ?**

– भूगोल र जनसंख्याको हिसावले रतुवामाई नगरपालिका ठूलो क्षेत्रफल भएको नगरपालिका हो। १४२ किलोमिटर क्षेत्रफल भएको नगरपालिका मोरङकै सबैभन्दा ठूलो हो। बजेटलाई हेर्दा सबैभन्दा कम पठाइएको छ। यसमा राजनीतिक हिसावले आग्रह राखेर पनि राखियो कि भन्ने आशंका पनि छ। ठूलो भूगोल र जनसंख्या बढी भएपछि बजेट पनि त्यही अनुपातमा आवश्यक हुन्छ। त्यसकारणले बजेट हामीलाई कम आएकोले कनिका छरेजस्तो गर्नुपर्ने अवस्था छ। बजेट अभावकै कारणले हामी ठोस-ठोस काम गर्न सकेका छैनौं। कतिपय ठाउँहरूमा बजेट हुँदा पनि खर्च नभइरहेको अवस्था हुन्छ। यसको मुख्य कारण कर्मचारी मानसिकता अझै पनि नफेरिएको हो। कर्मचारीहरूले अझै पनि सहयोगी भावनाले काम गरिरहेको परिस्थिति छैन। कतिपय स्थानीय तहमा यस्ता कुराहरू सुनिरहेका पनि छौं।

**o त्यसोभए, सिंहदरबार गाउँमा गएको छ त ?**

– हामीले पनि भन्यौं, सिंहदरबार जनताको घर दैलोमा आयो। अब सबै कामहरू यहीबाट हुन्छ, संविधानले पनि त्यही कुरा भनेको छ भनेर प्रचार प्रसार गऱ्यौं चुनावमा। तर, प्रदेश र संघीय सरकारहरूले संविधानमा स्थानीय तहलाई जुन अधिकारहरू दिने भनेर भनिएको छ, ती सबै अधिकारहरू कुण्ठित गरिरहेका छन्। विकास निर्माणकै सन्दर्भमा पनि प्रदेश सरकारले कुन तहको काम गर्ने, संघीय सरकारले कुन खालको योजना बनाउने भन्ने सन्दर्भमा पनि प्रदेश र संघीय सरकारबाट सहयोग भइरहेको छैन। सिंहदरबारको अधिकार गाउँमा नआउनुका कारण प्रदेश र केन्द्रीय सरकार नै हुन्। स्थानीय तहलाई किटान भएको अधिकारहरूलाई कुण्ठित गर्ने काम गरिएको छ।

**o भनेपछि, सिंहदरबार अहिले पनि नारामै सीमित छ ?**

– हो। धेरै महत्वपूर्ण कुराहरू अहिलमेसम्म स्थानीय तहलाई हस्तान्तरण भइसकेको छैन। भूमिसम्बन्धी व्यवस्था, नागरिक, मौलिक हक, शिक्षा, स्वास्थ्य लगायतका मूलभूत विषयमा केन्द्रले स्थानीय तहलाई हस्तान्तरण गर्न नचाहेको हो।

बालबालिकाहरूलाई अनिवार्य रूपमा विद्यालय पठाऔं, शिक्षा दिएर असल नागरिक बनाऔं, चर्पीमा मात्र दिसापिसाब गराऔं, गाउँघरलाई सफा र स्वच्छ राखौं।

मटिहानी नगरपालिका
महोत्तरी

## विश्व परिवेश

# कश्मीरको हिंसामा पाकिस्तानको जमात-ए-इस्लामीको हात

-मंजूर अहमद

दक्षिण एसिया अल्पसंख्यक सम्बन्धी संघ संस्था सँग आवद्धिय मध्यपूर्वी फोरम र अर्को नभेम्बर ज्ञघ, द्दण्ज्ञढ का प्रमुख वैचारिक समूह इण्डियनका यू.एस.विद्यायकद्वारा अमेरिकामा आयोजित एक सेमिनारमा जिम बैंन्कस ९व्क्ष द्यबलपभक० ले दक्षिण एसियामा जमात-ए-इस्लामि ९व्कबबत-भ-ष्ककिष, वर्भा० को दिसात्मक गुटको बढ्दो प्रभाव पाकिस्तान र बङ्गलादेशमा भेटिएको बारे गहिरो चिन्ता व्यक्त गरेको थियो । उनले जमात-ए-इस्लामी एउटा हिंसात्मक सिधान्त लिएर हिड्ने समूह रहेको छ, जसले अल्पसंख्यक क्रिस्चियनहरू, हिन्दुहरू, बुद्धहरू र अहमदीहरू विरूद्ध आक्रमक कामकारबाई र गतिविधिहरू गरीरहेको बारे औंल्याएका छन् । जिम बैंन्कसले यो कुराको पनि ठेक्का गरी भने कि कश्मीरमा भएको धेरै जसो हिंसात्मक गतिविधि त्यहाँ भएको संघसंस्थाहरू हो जसको आवधत्ता तथा सम्बन्ध धार्मिक गतिविधिहरूको सञ्चालित प्रकृया रहेको छ । ग्क कांग्रेसिले जमाते-ए-इस्लामि ९वकबबतभ-भ-ष्ककिष० गतिविधिहरूको विरूद्ध पइला कामकारबाई गर्ने गतिविधिहरूको कुनै पनि जागरूक्ताको कमी ग्क मा रहेको बारेमा जोड दिएको थियो । दर्शकलाई सम्बोधन गर्ने क्रममा बैन्कस ९द्यबलपक० ले भने कि- जेल ९व्भा० ले विभिन्न हिंसात्मक गतिविधि गरि अरूको आवाज अथवा स्वरलाई बन्दरूपी दवाउन खोजि प्रजातान्त्रिक सहभागितामा निरूत्साहित गर्ने बारेको कुरा स्पष्ट पारेको थियो । कश्मीरमा भएको धेरै जसो हिंसात्मक गतिविधिहरूको यस्तो संस्थाहरू-संग रहेको छ जसको सम्बन्ध जमात-ए-इस्लामी र यसका आतंकवादी साथीहरू रहेका छन् । विस्तृत व्याख्याको क्रममा उनले भने कि जेल दक्षिण एसियामा आफ्नो प्रभाव बढाउन निरन्तर रूपले लागि परेको छ जसको सान्दर्भिक्ता नर्थ अमेरिका इस्लामिक परिधि ९क्ष्क्ष्ल्ब० को गतिविधिसँग रहेको छ जुन अमेरिका ९ग्क० भित्रै जेल ९व्भा० समूहका साथी रहेका छन् । जिम बैन्कस ९व्क्ष द्यबलपक० ले अमेरिकाको लागि पनि चिन्ता व्यक्त गरे र अमेरिकाको घरमा आफ्नो छाप शुरू गर्न अधावै डर त्रास फैलाउने प्रवित्तिलाई रोकथाम गर्न भनेको थियो । दक्षिण एसिया अल्पसंख्या सम्बन्धन अध्यक्ष ९क्ब्क्ष्ब० नदीम नुसरतले इजिप्ट स्थित इखुवान-उल-मुस्लिमुन ९:गकफि द्यचयतजभचजययम० धार्मिक विचारधारा र जमात-ई-इस्लामी विचको समाजदाताहरूको व्याख्या सेमिनारमा गरेको थियो । नुसरत जो वासिङ्गटन डि.सी. स्थित भ्वाइस अफ कराचीका प्रमुख हुन र जसले कडा टिप्पणीका साथ जे.आई ९क्ष० को पहुँच तथा विचारधारा, कामकारबाईको व्याख्या गरेकी छिन् र यो पुष्टी गरिन कि अरू कुनै पनि धार्मिक समूहले पाकिस्तानलाई व्याप्ति उग्र रूप दिएन जत्तिकि जेल ९व्भा० ले गरे । यो समूहले पहिलेको पूर्वी पाकिस्तानको स्वतन्त्रता आन्दोलनलाई दबाउन पनि एकदमै घृणित भूमिकाको खेल खेलेको थियो । जहाँ जेल ९व्भा० सम्बद्ध आतंकी समूह अल-बदर र अल-शामस् सक्रियतापूर्वक पाकिस्तानी सैनिकसँग करिव तीन मिलियन वंगालीहरूको नरसेहारमा सहभागिता जनाएको थियो । नुसरतले एउटा जमात-ए-इस्लामिले आतंकवादलाई बढावा दिने र विश्वव्यापी रूपमा जिहाद् पऱ्याप्त मात्रा चलाइराखेको उदाहरण पेश गरिन र जसमा अमेरिकामा ढरज्ञज्ञ मा भएको आतंकी हमलामा सारिक भएको धेरै आतंकवादीहरू पाकिस्तानमा रहेको जमात-ए-इस्लामी नेताहरूको घरबाट पक्राउ गरेको सत्यताबारे प्रष्टयाइन । अमेरिका स्थित आतंकवाद माथि छानविन गर्ने परियोजना फोरम का उच्च (प्रमुख) वक्ता जस्तै-आमा शंकर, दक्षिण एसिया विशेषज्ञ-सेठ ओल्डमिक्सन ९कभतज यमिष्फयल० र मध्यपूर्वी फोरमका निर्देशक सेम वेस्ट्रप ९ककभ धभकतचयउ० ले पनि आतंकवादलाई बढावा दिने गतिविधिहरूको भर्त्ससना तथा धार्मिक मध्यस्थता बाहिरिएकोले वैश्विक मापदण्डमा आतंकवाद सम्बद्ध गतिविधिहरूलाई बेवास्ता गरेमा उत्पन्न हुने खतरा बारे पनि चेतावनी दिएका थिए । स्मरणका लागि जमात-ए-इस्लामी- ० बलम ᵖ एउटा प्रतिबन्धित संगठन हो जसले सक्रिय रूपले आतंक तथा विप्लवी गतिविधिहरूको समर्थन गर्थ्यो । जहाँ यसले शन्डियाको सर्तमा मित्रता र प्रादेशिक निष्ठालाई खतरामा पारेकोले अदालतले त्यस्तो संगठनलाई प्रतिवधित गरेको थियो । जमात-ए-इस्लामि (जम्मु कश्मीर ९० बलम ᵖ०) घनिष्ठ रूपले पाकिस्तानको यूनाइटेड जिहाद काउनसिल संग जुडेको छ, जो सबै ठूला आतंकवादी संगठनहरूको केन्द्र रहेकोछ ।

# मुस्लिम संगठनभित्रको विभेद स्पष्ट

मुस्लिम ५७ राष्ट्रहरू मध्ये केवल २० राष्ट्र मात्र मधेशियामा “इस्लामफोबिया” र इस्लिामिक विश्वलाई विवादित बनाई राखेको मुद्दाहरू सम्बन्धमा छलफल गर्न भेला भएका थिए, त्यसै क्रममा तिनीहरू आन्तरिक प्रतिद्वन्दिता तथा आपसी मतभेदका मुद्दाहरू नराम्ररी सार्वजनिक हुन गएको थियो । तर ताशका पत्ताहरूमध्ये सबभन्दा नराम्रो रहेको जोकर जस्तै पाकिस्तानले त्यसलाई सघाउनुको सट्टा पछि हट्न गयो । मलेशियाका महावीर मोहम्मद विश्वास र आँट गरेर पाँचौं सम्मेलन कुआलालम्पुरमा आयोजना गर्ने योजनाबारे बताए । पछि पाकिस्तानका इम्रान खानले दुई मुख्य प्रतिद्वन्दी साउदी अरेबिआ र इरानबीच मध्यस्थता गर्ने चर्चाबारे पछि रियादको चुनौती पश्चात् पाकिस्तान एक्लै त्यो सम्मेलनबाट बाहिरिएको थियो ।

आलोचकहरूले बताए अनुसार पाकिस्तानका इम्रान खानको कूटनीति आत्मकेन्द्रित र असम्वेदनशील रहेको कारण उसमाथि “ट्रम्प-जस्तै” काम-कारबाई गर्ने र आवेशमा आएर निर्णय गर्ने तथा विगत र वर्त्तमानमा कार्यरत रहेको अनुभवी कूटनीतिज्ञहरूसँग सरसल्लाहै नगरी “मनलागी कूटनीति” संचालन गर्नु रहेको छ । उसले खासगरीकन टर्को र मलेशियालाई समेत क्रोधित तुल्याई दिएको छ किनकि आतंकवादलाई वित्तीय सहयोग गर्ने एफ.ए.टी.एफ. योजनालाई पाकिस्तानले रुचाउँदै तिनी दुवैले त्यसलाई कालो सूचीमा राखेका थिए । टर्कीका राष्ट्रपति इर्दोगेनले, पाकिस्तानले साउदीसँग बाचा गरेको बाचा विपरीत कार्य गरेको आरोपका बारेमा समेत सार्वजनिक गरेको थिए । इर्दोगेनले इस्लामावादले विगतमा पनि साउदी र यू.ए.ई.को दबाब खप्नु परेको प्रसंगलाई राम्रो दृष्टान्त भएको समेत उल्लेख गरेका थिए । इस्लामवादस्थित साउदी दूतावासले त्यस आसेयालाई गलत समाचारको संज्ञा दिए पनि कसैले पनि पत्याएका थिएन ।

स्थानयि टिप्पणीकत्ताहरूले इस्लामवादको रियाद तथा लेहरानसंग वास्तविक सम्बन्ध वा समझदारी नरहेको समेत बताएका थिए । त्यसैले खानले मध्यस्कर्त्ताको रूपमा प्स्तुत गर्ने कुरा नै गर्नु पर्ने थिएन । वास्तवमा भन्ने हो भने सबभन्दा पछिल्लो प्संग पाकिस्तानको स्वतन्त्रता र सामान्यता गरी तद्नुरूप आफ्नो क्षमता प्रदर्शन गर्नु पर्ने प्रश्न उसका सामु तेर्सिन आएको छ । तिनीहरूले बताएका छन् कि पाकिस्तानको कूटनीतिक पकड गम्भिर रूपले बर्षौंदेखि खस्किँदै आएको कारण उसको राजनीतिक अस्थिरता र आर्थिक असुरक्षा रहेको छ । यो त्यस्तो राष्ट्रहरूको पखर्त्ती राष्ट्र जस्तो रहेको छ जसले आफूबराबरको राष्ट्र जस्तो बन्न खोजेको छ । खान र उसका तगडा प्रतिद्वन्दी निवर्त्तमान प्रधानमन्त्री नवाज शरीफबीच तुलना गर्न सकिँदैन किनकि त्यो उपयुक्त छैन । मुशर्रफले उनलाई फाले पनि शरीफले नौ वर्षसम्म साउदीमा राजकार्य सम्मानसाथ बस्ने सुविधा र अवसर प्राप्त गरेका थिए । र तैपनि शरीफले साउदीको दबावमा यमानमा पाकिस्तानी सेनालाई लड्न पठाउनु परेको थियो । दोस्रो कुरा, यदि खानले मलेसियासँग, जो दक्षिणपूर्व एशिआई मुस्लिम राष्ट्रसाग दीर्घकालदेखि उपेक्षित रहेको छ, राम्रो सम्बनध बनाउने प्रयास गरी रहेको छ भने त्यसलाई सही गृहकार्य गरेको रूपमा लिन सकिन्छ ।

मुस्लिम र गल्फ राष्ट्रहरू मध्येको मत भिन्नता अब बाहिरी रूपमा जाहिर भैसकेको छ । साउदीले के.एल. सम्मेलनको विरोध गर्नु को उद्देश्य उसले नियंत्रित गर्ने ओ.आई.सी.लाई महत्व दिन नखोज्नु रहेको थियो । जब महाथिर ले साउदी राजालाई टेलीफोन गरेका थिए, त्यती बेला उनले त्यसको पुष्टि गरेका थिए । यी तीन देशका नेताहरूको उपस्थिति नै साउदी सम्मेलनको विरोध गर्नुको मुख्य कारण रहेको थियो । यसपछि रियादले इरान र टर्की समेतसँग प्रतिस्पर्धा गर्दैछ । ईजिप्ट र यु.ए.ई. सँग मिलेर दाउ खेल्दैछ भने टर्की र इरानको घनिष्ठ रहेको छ । गाजा क्षेत्रका यमन, सिरिआ, जेबनान, इराक र हमास, इरान नजिक रहेको छ । टर्कीले इरानलाई नजिक ठाने पनि सिरिआमा इरानी पहुँचले गर्दा महशूश गर्दै आएको छ । यसमा साथै कुर्दिश प्रकरणमा इरान, इराक, सिरिआ र टर्की सबैबीच निहित स्वार्थले गर्दा विभिन्नता रहेको छ ।

इराक र लेबनीनमा भ्रष्टचारी शासकहरू विरूद्ध र तिनीहरूबाट मुक्त हुनु व्यापक रूतरमा संचालित रहेको सामूहिक प्रर्दशन जस्ता कार्यक्रमहरूले यस प्रकरणलाई झन ज्यादै जटिल बनाई दिएको छ । इरान पनि आन्तरिक विद्रोहहरूसँग जुझ्दै आएको छ । टर्की नाटोको सदस्य भए पनि, तत्काल सिरिआमाथिको अमेरिकी प्रभाव तथा छाप तथा ग्रेटर मिड्ल इस्टको व्यापकताले गर्दा, समस्याहरूसँग जुझ्दै आएको छ । अंकारा केही मुद्दाहरूले गर्दा इरान तथा मास्को नजीक रहेको छ, किनकि अंकाराको वाशिंटनसँगको सम्बन्ध महत्वपूर्ण र तागतिलो समेत रहेको छ । पाकिस्तानका विदेश मन्त्री शाह मेहमूद कुरेशीले दृढताका साथ त्यस सम्मेलनमा पाकिस्तानको प्रतिनिधित्व नहुने पुष्टि गरेका थिए ।

पाकिस्तानका विदेश मन्त्री कुरेशीले यो पनि पुष्टि गरेका थिए कि साउदी अरबिआ र यू.ए.ई.को त्यस सम्मेलनसँग सरोकार रहेको छ, किनकि दुबै देश यसले गर्दा चिन्तित र दु:खी रहेको छ कि त्यस गतिविधिले ‘उम्माहको विभाजन’ लाई प्रभावित गर्नुका साथै वर्त्तमान साउदी नियंत्रित ‘ओ.आई.सी.’ समानान्तरको एक संगठनको संरचना गर्ने तर्फ प्रेरित समेत गर्न सक्नेछ । पाकिस्तान मध्यस्तकर्ता बन्ने कुनै सम्भावना छैन । त्यसका अतिरिक्त मुस्लिम राष्ट्रहरूमध्ये कसैले पनि कुनै खास उद्देश्यका लागि अघि बढ्ने समेत कुनै मुद्दा समेतको संभावना छैन । *–एजेन्सीको सहयोगमा*

# धनुषामा बीओपी उद्घाटन

जनकपुरधाम । धनुषाको जनकन्नदनी गाउँपालिका-१ ईनर्वा रेलवे स्टेसनस्थित बोर्डर अफ पोष्ट (विओपी) कार्यालय उद्घाटन गरिएको छ । प्रदेश २ का शसस्त्र प्रहरी प्रमुख डिआइजी राजु अर्याललले आइतबार बीओपी उद्घाटन गरेका हुन् । उनले प्रहरी र नागरिकबीच भावनात्मक सम्बन्ध बढाएर भ्रष्टाचार र अपराध न्युनीकरण गर्न सकिने बताएका छन् । प्रहरी संगठन भित्र चारवटा सुधारका नीति लिएको भन्दै आन्तरिक सुद्धिकरणले विगतभन्दा उल्लेख्य सुधार भएको उनले बताए । प्रदेश २ मा दशगजा क्षेत्रको पहिचान गर्ने अभियान सुरू गरिसकेको भन्दै उनले केही दिनमै प्रदेशका सबै ठाउँमा दशगजा पहिचान गरिसक्ने उल्लेख गरे । नेपालि भु-भाग अतिक्रमणबाट बचाउन, सिमा क्षेत्रको बासिन्दालाई सुरक्षा गर्न र निकट भविष्यमा सुरू हुने भनिएको रेल सेवालाई मध्यनगर गर्दै त्यहाँ चेक पोष्ट राखिएको सशस्त्र प्रहरी धनुषाका प्रमुख एसपी राजेश उप्रेतीले बताए । छोटी भन्सारको आवश्यकता औल्याउँदै प्रहरीको प्रत्येक सकारात्म क्रियाकलापमा साथ रहने उनले प्रतिबद्धता जनाए ।

वैदेशिक रोजगारीमा जाँदा स्वीकृत निकायमार्फत् नेपाल सरकारबाट सूचिकृत मुलुकहरूमा मात्र जाऔं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## प्रविधिको बृहत् प्रदर्शनी हुने

नेपालगञ्ज । नेपालमै पहिलो पटक यस क्षेत्रका तीनवटा प्रदेशलाई समेटेर नेपालगञ्जमा विज्ञान तथा प्रविधिको बृहत् प्रदर्शनी एवं महोत्सव आयोजना गरिनेभएको छ । राष्ट्र निर्माणका लागि विज्ञान प्रविभि भन्ने मूल नाराका साथ प्रदर्शनी हुन लागेको हो । प्रदेश नम्बर पाँच, कर्णाली प्रदेश र सुदूर पश्चिम प्रदेशका कुना कुनामा लुकेर बसेको वैज्ञानिक चेत र प्रतिभा भएका व्यक्ति तथा विभिन्न विद्यालयका विद्यार्थीमा भएको प्रतिभा प्रस्फुटन गराउने उद्देश्यले नेपालमै पहिलो पटक नेपालगञ्जमा आगामी फागुन ८ देखि १० गतेसम्म विज्ञान तथा प्रविधिको बृहत् प्रदर्शनी एवं महोत्सव आयोजना गरिने आयोजक समितिको अध्यक्ष आतङ्क बस्नेतले बताए ।

## ज्येष्ठ सदस्य सिकिस्त

रूपन्देही । रूपन्देहीको तिलोत्तमा निवासी प्रदेश ५, प्रदेश सभाका ज्येष्ठ सदस्य बलदेव पोखरेल जटिल रोगले ग्रसित भएका छन् । पोखरेलको गत वर्ष माघमा छातीमा सङ्क्रमण भएपछि काठमाडौंको नर्भिक अस्पतालले क्यान्सर भएको पुष्टि गरेको थियो । त्यसपछि विभिन्न अस्पतालमा उपचार गराए पनि रोग निको हुन सकेको छैन । काठमाडौंमा लामो समय उहाँको उपचार भयो । उनी ८२ वर्षको हुन् । हाल उनलाई घरमै राखिएको छ ।

## जनमतको कार्यालय सञ्चालन

वीरगन्ज । वीरगंज महानगरपालिकाको वडा नं. १० बजरंगटोलमा जनमत पार्टी पर्साको कार्यालय संचालनमा आएको छ । पार्टीको कामकाज गर्न र सम्पर्क कार्यालयको रूपमा वीरगंज आदर्शनगरस्थित बजरंगटोलमा पार्टी कार्यालय संचालनमा आएको जनमत पार्टी पर्साका इन्चार्ज सरोज चौरसियाले बताए । यसैबीच जनमत पार्टी पर्साका पदाधिकारी बैठक पनि सम्पन्न भएको छ । पार्टी कार्यालयमै बसेको बैठकमा विभिन्न स्थानीय तहमा जनपरिचालन समिति गठन गर्न सम्बन्धमा छलफल भएको थियो । पर्सा इन्चार्ज चौरसियाको अध्यक्षता र केन्द्रिय सदस्य संजय साहको विशेष उपस्थितमा बसेको बैठकमा महिला नेतृ अनिता रौनियार, सबु खातुन, पर्सा संयोजक श्याम शंकर चौरसिया लगायतको उपस्थिती रहेको थियो ।

## सूचना प्रविधि विधेयक सच्याउन माग

कपिलवस्तु । नेपाली कांग्रेस र भातृ संस्था नेपाल तरूण दल कपिलवस्तुले संसदमा पारित गर्न ल्याएको सूचना प्रविधिको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सच्याउन माग गरेको छ । कांग्रेस कपिलवस्तुले जिल्ला प्रशासन कार्यालय तौलिहवा कपिलवस्तुमार्फत प्रधानमन्त्रीलाई विरोध पत्र बुझाउँदै विधेयकले नागरिकको विचार तथा अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गर्ने हुंदा यसलाई सच्याएर लैजान सरकारलाई ध्यानाकर्षण गराएको छ । जिल्ला प्रशासक कार्यालयका निमित्त प्रमुख जिल्ला अधिकारी एवं प्रशासकीय अधिकृत मनोज कुमार शैनीलाई बुझाइएको विरोध पत्रमा यदि सरकारले उक्त विधेयक नसच्याए संविधानको प्रतिकुल हुने र मौलिक अधिकार खोसिने हुंदा उक्त विधेयक सच्याएर अगाडि बढ्न सरकारलाई आग्रह गरेको छ ।

## प्रथम मेयर रनिगंशिल्ड प्रतियोगीता

वीरगन्ज । दुई दशकपछि वीरगन्जमा सोमबारदेखि मेयरकप रनिङ्गकप प्रतियोगीता सुरू भएको छ । वीरगन्ज महानगरपालिकाको आयोजनामा वीरगन्जको नारायणी रंगशालाखमा सुरूभएको प्रथम मेयर रनिङ्गकप २०७६ सुर भएको हो । वीरगन्ज महानगरपालिकाका नगर प्रमुख बिजय कुमार सरागीको अध्यक्षतामा आयोजना भएको कार्यक्रममा प्रतिनिधी सभा सदस्य प्रदीप यादवले शान्तिको प्रतिक परेवा उडाएर प्रतियोगिताको उद्घाटन गरेका थिए । उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै सांसद यादवले लगभग दुइ दशकपछि वीरगन्ज महानगरपालिकाले सुरूगरेको विद्यालय स्तरिय उक्त प्रतियोगीताले विद्यालयका छात्र-छात्राहरू बिच खेलप्रतिको नया उर्जा उत्पन्न गर्ने विश्वास गरे । उनले नगर प्रमुखको सक्रियतामा सुरूभएको उक्त प्रतियोगीतालाई अझ व्यवस्थित गर्दै महानगरपालिकाले निरतर्ता दिने विश्वास व्यक्त गरे ।

## मधेश अपडेट

### समाजवादी र राष्ट्रिय मञ्चबीच सहमति

विराटनगर । आसन्न राष्ट्रियसभा निर्वाचनमा प्रदेश नं. १ मा समाजवादी पार्टी र संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चबीच सहमति भएको छ । बुधबार समाजवादीका प्रदेश १ का संसदीय दलका नेता जयराम यादव र लोकतान्त्रिक राष्ट्रिय मञ्चका संसदीय दलका नेता विष्णु तुम्बाहाम्फेले एक सहमतिपत्रमा हस्ताक्षर गरेका छन् । विभिन्न आन्दोलनहरूबाट प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्न र बाँकी रहेका प्रादेशिक पहिचानका लागि १०+१ र अधिकार लगायतका मागहरूसमेत प्राप्तिका लागि बिहीबार हुने राष्ट्रियसभा निर्वाचनमासमेत दुई दल मिलेर जाने सहमति भएको हो ।

### २० वर्ष मुनि छोरीको विहे नगर्न आग्रह

जनकपुरधाम । प्रदेश २ का सामाजिक विकास मन्त्री नवलकिशोर साहले २० वर्ष मुनिका छोरीको विवाह नगर्न प्रदेशबासीसँग आग्रह गरेका छन् । ‘बेटी बचाऊ, बेटी पढाऊ’ अभियानअन्तर्गत जनकपुरधाममा छात्रालाई व्याग र स्यानेटरी प्याड वितरण गर्दै मन्त्री साहले २० वर्ष मुनिका छोरीलाई विहे गरी मृत्युको मुखमा नपुऱ्याउन पनि आग्रह गरे । उनले सानै उमेरमा छोरीको विवाह गर्नु ठूलो पाप भएको पनि बताए । मन्त्री साहले अहिले प्राय: १५/१६ वर्षमै छोरीको विहे गर्ने चलन कायमै रहेकोप्रति दु:ख व्यक्त गरे । उनले समाज सभ्य बनाउन पनि छोरीलाई पढाउनुपर्ने र प्रदेश सरकार त्यही सोचेर ‘बेटी बचाऊ, बेटी बढाऊ’ अभियान चलाएको पनि बताए ।

### जेष्ठ नागरिलाई कम्बल वितरण

कपिलवस्तु । माघको समयमा पानी परेपछि चिसो र ठण्डीले बुद्धहरूलाई सताउन लगेपछि शुद्धोधन गाउँपालिका वडा नं ५ को कार्यालय हथिहवाले जेष्ठ नागरिलाई कम्बल वितरण गरेको छ । सामाजिक सुरक्षा पाउने ज्येष्ठ नागरिकहरूको तथ्यांकको आधारमा कम्बल वितरण गरेको छ । सो अवसरमा वडा नं ५ का अध्यक्ष आशुतोष कुमार सिंहले चिसोको समयमा वास्तविक समस्याको केही राहत दिन तथा सम्मान स्वरूप बुद्धहरूको लागि कम्बल वितरण गरिएको बताए । प्रत्येक गाउँका बुद्धहरूलाई लक्षित गरि वास्तविक समुदायसम्म कम्बल पुगेको बताए । साथै आगामी दिनमा अपांगता भएका नागरिकहरूलाई पनि उचित सिप र साम्रगी वितरण कार्यकम तय भएको अध्यक्ष सिंहले बताए ।

### नि:शुल्क स्वास्थ्य शिविर सम्पन्न

धनुषा । समुदाय-प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत लक्ष्मिनिया गाउँपालिका-४ स्थित विपी कोईराला माबि सपहीको प्राङ्गणमा १ दिने निस्शुल्क स्वास्थ्य शिविर सम्पन्न भएको छ । कार्यक्रममा प्रदेश २ प्रहरी कार्यालय जनकपुरका प्रमुख प्रहरी नायव महानिरीक्षक प्रधुम्न कुमार कार्कीले उक्त स्वास्थ्य शिविर संचालनमा सहयोग पुर्याउने संघ सस्था तथा व्यक्तिहरूलाई प्रशंसापत्र प्रदान गरेका थिए । प्रदेश प्रहरी श्रीमती संघ प्रदेश नम्बर २ जनकपुरधामकी अध्यक्ष सुष्मा थापा कार्कीले उक्त शिविरको उद्धाषटन गरेकी थिइन् । कार्यक्रममा नेपाल प्रहरी अस्पताल रूपनी सप्तरी, जानकी मेडिकल कलेज जनकपुरधाम र चौधरी आँखा अस्पताल लहानबाट खटिएको चिकित्सक तथा स्वास्थ्यकर्मीहरूले सेवाग्राहीलाई ल्याब, ईसिजी, युएसजी लगायतमा स्वास्थ्य परीक्षण गरी आवश्यक औषधी वितरण गर्नुका साथै चस्मा, सेन्ट्रि प्याड, साबुन, ब्रस र मन्जन समेत वितरण गरेको थियो ।

### बीउ तथा स्प्रे ट्याङ्की वितरण

कपिलवस्तु । शुद्धोधन गाउँपालिकाल वडा नं ५ ठुलो गनवरियामा बहुक्षेत्रीय पोषण कार्यक्रमअर्न्तरगतका २५ महिलाहरूलाई तरकारीको बीउ तथा स्प्रे ट्यांकी वितरण गरिएको छ । सुनौलो हजार दिनभित्र रहेका २५ जना महिलाहरूलाई कृषि, पशु, शिक्षा, स्वस्थ्य खानेपानी सरसफाई तथा महिला बालबालिका सम्बन्धी एकिकृत २ दिनसम्म तालिम प्रदान गरिएको थियो । तालिमपछि महिलाहरूलाई वोडी, लौकी, करेला, घिरौलालगायतका बीउ तथा प्रत्येक महिलाहरूलाई स्प्रे ट्यांकी समेत वितरण गरिएको छ । वितरण समारोह बोल्दै गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतकृष्ण प्रसाद ज्ञवालीले साम्रगीको सहि सदुपयोग गर्न आग्रह गरे ।

### सैनामैनामा पनि कम्बल वितरण

रूपन्देही । चिसोबाट बच्नका लागि सैनामैना नगरपालिकाले ज्येष्ठ नागरिकलाई ६ सयभन्दा बढी कम्बल वितरण गरेको छ । नगरपालिकाका नगरप्रमुख चित्रबहादुर कार्कीले मंगलबार कम्बल वितरण गरेका हुन् । उनले ज्येष्ठ नागरिकको सम्मानका लागि वर्षमा एक पटक यस्ता कार्यक्रम सञ्चालन गरिने जानकारी दिए । जेष्ठ नागरिकका लागि नगरपालिकाभित्र प्रदेशस्तरीय सुविधासम्पन्न जेष्ठ नागरिक संरक्षण ग्राम बनाउन थालिएको नगरपालिकालेजनाएको छ । सैनामैना-१, बनकट्टाको ४ बिघा जग्गामा संघ र प्रदेश सरकारको आर्थिक सहयोगमा ग्राम बन्न थालेको हो ।

### “शिक्षा र स्वास्थ्य क्षेत्रमा सुधार आवश्यक”

रौतहट । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) प्रदेश २ का अध्यक्ष तथा सांसद प्रभु साहले शिक्षा र स्वास्थ्य क्षेत्रमा गुणात्मक सुधारका लागि नयाँ तवरबाट छलफल गरी निचोडमा पुग्न जरूरी रहेको बताएका छन् । सोमबार संघीय संसदको राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिले रौतहटको विभिन्न स्थानमा गरेको स्वास्थ्य तथा शिक्षण संस्थाको अनुगमन तथा मूल्यांकनको क्रममा भएको अन्तरक्रियामा बोल्दै समितिका सदस्य समेत रहेका सांसद साहले संविधानले प्रत्याभूत गरेको मौलिक हक र जनताको आधारभूत आवश्यक शिक्षा र स्वास्थ्य क्षेत्रमा सुधार बिना समृद्ध समाजको परिकल्पना गर्न नसकिने बताए । समितिकी सभापति निरादेवी जैरूले हरेक समस्या राज्यसम्म पुर्याउन समितिले पहल गर्ने बताइन् । स्वास्थ्य र शिक्षा क्षेत्र दुरूस्त नबनाई जनतालाई सुखी बनाउन नसकिने बताउदै उनले राज्यसहित सबै निकाय गम्भीर हुनुपर्ने जीकिर गरिन् । राधेश्याम अधिकारी तथा लक्ष्मी परियारसहितको समितिले कटहरिया नगरपालिकाको भसेढवा मावी, मौलापुर नगरपालिकाको सोनरनिया मावी, कटहरिया जनस्वास्थ्य कार्यालय तथा जिल्ला अस्पताल गौरको स्थलगत अनुगमन तथा अनुगमन गरेको छ ।

### लोकप्रिय बन्दै न्यूरो हस्पिटल वीरगंज

वीरगंज । एल.एस.न्यूरो एण्ड जेनरल हस्पिटल प्रा.लि. वीरगंजद्वारा एक महिनाभित्र ब्रेन टीयूमर, ब्रेन हेमरेज, डीपरेस फैक्चर, क्रोनिक सबडीयूरल हेमाटोमा, टाउकोमा पानी जमेको १२ वटा बिरामीको सफल उपचार गरेको छ । अस्पतालका वरिष्ठ न्यूरो सर्जन डा. श्यामबाबू प्रसादका अनुसार ब्रेन हेमरेज हुनेहरूमा रौतहट जिल्ला निवासी ५८ वर्षीय फुलेस्वरी देवी, बारा निजगड़ निवासी जगबहादुर दर लामी, रौतहट चन्द्रनिगाहपुर निवासी प्रताप लामा, बारा जिल्ला सिमरा निवासी ४५ वर्षीय समर बहादुर सुनवार, डिप्रेशन फैक्चर हुनेहरूमा रौतहट जिल्ला निवासी ३ बर्षीय बालक भोला गुप्ता, सर्लाही जिल्ला निवासी २८ बर्षीय राकेश मिश्रा, पर्सा जिल्ला बरवा निवासी १२ बर्षीय रोहित पटेल, भारत बिहार नरकटियागंज निवासी ३५ वर्षीय सोनु पाण्डे, ब्रेन टीयूमर हुनेमा पर्सा जिल्ला बंनजरिया निवासी ४२ वर्षीय भोला यादव, टाउकोमा पानी जमेको (हाइड्रोसेफाल्सं) भएको रौतहट बालचंनपुर निवासी ५० वर्षीय विष्णु चौधरी, मेडिवल फैक्चर पर्सा गुलरिया निवासी २८ वर्षीय कुन्दन पटेल र क्रोनिक सबडीयूरल हेमाटोमा भएको बारा जिल्ला पिपड़िया निवासी ८० वर्षीय नधुनि साहको सफल उपचार हुदैछ । अन्य बिरामीको उपचार पछि घर गइसकेको बताइएको छ ।

### तीन जना पक्राउ

पर्सा । वीरगंज महानगरपालिका-२२ जगरनाथपुरस्थित बाँसघारीमा बहुदरमाई नगरपालिका-७ बस्ने २५ वर्षीय सुरेन्द्र सहनीको हत्या गरी फरार रहेका ३ जनालाई आइतबार प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा वीरगंज महानगरपालिका(११ श्रीपुर बस्ने २२ वर्षीय अजय कुमार साह, २० वर्षीय राजन साह कानु र सोही ठाउँस्थित रानिघाट बस्ने २० वर्षीय कृष्ण कुमार गुप्ता रहेका छन् । गत पुस १९ गते साँझ सुरेन्द्रको चक्कु प्रहारबाट हत्या भएको घटनाको अनुसन्धान गर्ने क्रममा घटनामा संलग्न उनीहरूलाई प्रहरीले पक्राउ गरेको हो ।

### चोरीपैठारीको सामान बरामद

बाँके । जिल्लाको नेपालगंज उपमहानगरपालिका १६ स्थित चौलिया चोकबाट एपीएफ टोलीले करीव दुई लाख २५ हजार रूपैयाँ बराबरको चोरीपैठारीको सामान बरामद गरेको छ । भारतबाट अवैध रूपले नेपालतर्फ ल्याउँदै गरेको उल्लेखित मुल्य बराबरको ईलोक्ट्रोनिक्स सामान, लत्ताकपडा तथा भाडावर्तन सशस्त्र प्रहरी बल नेपाल नम्बर ३० गण हेक्वा बाँकेबाट खटिएको एपीएफ टोलीले बरामद गरेको हो । यसैगरी सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट बलराबाट खटिएको एपीएफ टोलीले माघ ६ गते करीव दुई लाख १७ हजार रूपैयाँ बराबरको चोरीपैठारीको लत्ताकपडा बरामद गरेको छ ।

### चाइनिज पेस्तोलसहित दुई पक्राउ

धनुषा । क्षिरेश्वरनाथ नगरपालिका-१ रम्दैया बस्ने ४२ वर्षीय जितेन्द्र कुमार यादव र सोही ठाउँ बस्ने ३० वर्षीय कुमोद नारायण झालाई चाइनिज पेस्तोलसहित पक्राउ गरिएको छ । ठूलो चाईनिज पेस्तोल जस्तो देखिने पेस्तोल १ थान, त्यसको गोली ७ राउण्ड र म्याग्जिन १ थान सहित शनिबार साँझ प्रहरीले दुवै जनालाई पक्राउ गरेको हो । जनकपुर उपमहानगरपालिका-१ भानुचोकमा बा.१४ च ७४५९ नम्बरको कारले ज.९ प ४८०६ नम्बरको मोटरसाइकललाई ठक्कर दिई दुर्घटना भए पश्चात् कारलाई जाँच गर्ने क्रममा सिट मुनी लुकाई छिपाई राखिएको उक्त हतियार फेला पारी कार चालक जितेन्द्र र कारमा सवार कुमोदलाई प्रहरीले पक्राउ गरेको जनाएको छ ।

